# वार्षिक प्रतिवेदन
## २०७७/०७८

३४ औं वार्षिकोत्सव

ऋण लगानीमा पूर्वाधार
सम्बृद्ध नेपालको आधार

## नगर विकास कोष

**सम्पर्क**

## नगर विकास कोष

मध्य वानेश्वर, काठमाडौं
पो. ब. न. ५१४४

**टेलिफोन नं.**
०० ९७७ १ ४४९३८६६
०० ९७७ १ ४४६४८७४
०० ९७७ १ ४४६५६५१

**फ्याक्स**
०० ९७७ १ ४४७१२२७

**ईमेल** : tdf@tdf.org.np

**वेव** : www.tdf.org.np

**सामाजिक संजाल**
facebook.com/Town Development Fund-TDF

**प्रकाशन मिति**
२०७८-११-०२

# नगर विकास कोष ऐन, २०५३ को दफा २८ (२) बमोजिम प्रकाशित वार्षिक प्रतिवेदन

# विषय सूची


| | | |
|---|---|---|
| १. | कोषको परिचय | १ |
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | कोषको दूरदृष्टि (Vision) | १ |
| १.३ | कोषको ध्येय (Mission) | १ |
| १.४ | कोषको मूल मान्यता (Core Value) | १ |
| १.५ | कोषको उद्देश्यहरू | २ |
| १.६ | कोषको मुख्य मुख्य काम कर्तब्य र अधिकार | २ |
| १.७ | कोषको रणनीतिहरू | २ |
| १.८ | कोषको लगानीका क्षेत्रहरू | ३ |
| १.९ | कोषको सेवाग्राहीहरु | ४ |
| १.१० | कोषको ऋण लगानीका विधिहरु | ४ |
| २. | आ.व. ०७७/७८ मा कोषद्वारा संचालित कार्यक्रमहरूको प्रगति समीक्षा | ६ |
| २.१ | नगर विकास कार्यक्रम दोस्रो तथा तेस्रो चरण (TDP-II & III) | ६ |
| २.२ | तेस्रो साना शहरी खानेपानी तथा सरसफाई (क्षेत्र) आयोजना (STWSSSP-III) | ११ |
| २.३ | शहरी पूर्वाधार विकास आयोजना (Urban Infrastructure Develoment Project–UIDP) | १५ |
| २.४ | शहरी खानेपानी तथा सरसफाई (क्षेत्र) आयोजना (Urban Water Supply and Sanitation Sector Project –UWSSSP) | २० |
| २.५ | कोषको स्व:पूंजी (ईक्विटी) बाट सञ्चालित कार्यक्रमहरूः | २२ |
| ३. | नगर विकास कोष र अन्तर्राष्ट्रिय संघ संस्थाको सहकार्यमा संञ्चालित कार्यक्रमहरू | २७ |
| ३.१ | नेपाल उर्जा दक्षता कार्यक्रम-तेस्रो चरण (Nepal Energy Efficiency Programme-III Phase) कार्यक्रम | २७ |
| ३.२ | संयुक्त राष्ट्र पूँजी विकास कोष संगको सहकार्य (United Nations Capital Development Fund-UNCDF Cooperation) | २७ |
| ३.३ | नगरपालिका वित्त व्यवस्थापन तथा क्षमता विकास (Municipal Finance and Capacity Building) कार्यक्रम | २८ |
| ३.४ | हरित जलवायु कोष (Green Climate Fund) | २९ |
| ४. | संस्थागत विकास, व्यवसाय प्रबर्द्धन तथा जनशक्ति व्यवस्थापन | ३० |
| ५. | अनुगमन तथा मुल्याङ्कन | ३३ |

६. कोषको वित्तीय अवस्था ३४
 ६.१ आयोजनाहरूमा ऋण तथा अनुदान लगानीः ३४
 ६.२ ऋण असुली ३४
 ६.३ ऋण भुक्तानी ३४
 ६.४ आम्दानी ३४
 ६.५ कूल सञ्चालन खर्च ३५
 ६.६ वचत ३५
 ६.७ पूँजी बृद्धि ३५
 ६.८ नेपाल वित्तीय प्रतिवेदन मान अनुसारको वित्तीय विवरणहरू ३८

७. कोषको भावी योजना ४१
 ७.१ कोषको ब्यवसायिक योजना ४१

८. कोषबाट सम्पन्न भएका विभिन्न क्रियाकलापहरू ४२

प्रधानमन्त्री

काठमाडौं, नेपाल



## शुभकामना

नगर विकास कोष स्थापनाको ३४ औं वर्षमा प्रवेश गर्न लागेको सुखद अवसरमा नगर विकास कोषमा आबद्ध सबै पदाधिकारी तथा कर्मचारीहरूलाई हार्दिक बधाई तथा शुभकामना दिन चाहन्छु।

मुलुकको द्रुततर आर्थिक रूपान्तरणका साथै नागरिकहरूको गुणस्तरीय जीवनयापन सुनिश्चितताका लागि व्यवस्थित शहरी पूर्वाधारहरूको महत्त्वपूर्ण भूमिका रहने हुन्छ। मुलुकमा संघीय शासन प्रणालीमा लागू भएसँगै सबै प्रदेश तथा स्थानीय तहहरूमा व्यवस्थित र आधुनिक शहरी पूर्वाधारहरूको विकास गरी मुलुकको आर्थिक सामाजिक विकासलाई तीव्र गतिमा अघि बढाउनुपर्ने खाँचो छ। आजको एक्काइसौं शताब्दीमा आधुनिक, व्यवस्थित र उत्थानशील तथा नागरिक मैत्री शहरी पूर्वाधारहरूको विकास गरी मुलुकभित्रका शहरहरूलाई आर्थिक विकासको इन्जिनको रूपमा स्थापित गर्नुपर्ने आवश्यकता छ। शहरहरूलाई आधुनिक पूर्वाधार सुविधाहरूसहित जीवन्त तथा वातावरण मैत्री शहर बनाउन सके मात्र दिगो विकासको लक्ष्य हासिल हुनेछ भन्ने विश्वास लिएको छु।

मुलुकको विद्यमान आन्तरिक वित्तीय स्रोतबाट मात्र शहरी क्षेत्रमा पूर्वाधार विकासका लागि आवश्यक पूँजी पर्याप्त नहुने हुँदा अन्तर्राष्ट्रिय रूपमा प्रचलित वैकल्पिक वित्तीय स्रोत समेत परिचालन गर्दै अघि बढ्नु पर्ने स्थिति छ। त्यसै अनुरूप नगर विकास कोषले विभिन्न दातृ निकायहरूबाट प्राप्त सहुलियतपूर्ण रकमको परिचालन गरी मिश्रित ऋण लगानी विधिबाट स्थानीय तहहरूको क्षमता विकास तथा शहरी पूर्वाधारहरूको निर्माणमा विगत तीन दशकभन्दा बढी समयदेखि महत्त्वपूर्ण योगदान पुर्‍याउँदै आएको छ।

राष्ट्रले लिएको शहरी विकास नीति तथा दिगो विकास लक्ष्य अनुसारका उद्देश्य तथा लक्ष्यहरू निर्धारित समयमै पूरा गर्नका लागि परम्परागत आर्थिक स्रोतका अतिरिक्त निजी क्षेत्र, सहकारी क्षेत्र, अन्तर्राष्ट्रिय तथा स्थानीय पूँजी बजारका स्रोतहरू समेतको संयुक्त रूपमा परिचालन गर्नुपर्ने आवश्यकता देखिन्छ। शहरी सुविधाहरूप्रति जनताको बढ्दो माग र आकर्षणका साथै शहरीकरणको तीव्र विस्तारले नगरपालिकाहरूमा आधुनिक र गुणस्तरीय पूर्वाधार निर्माणको थप चाप पर्दै गएको छ। यसको लागि आन्तरिक तथा बाह्य दुवै स्रोतबाट वित्तीय परिचालन गरी स्रोतको व्यवस्थापन गर्नुपर्ने खाँचो छ।

अन्त्यमा, स्थानीय तहहरूमा व्यवस्थित शहरी पूर्वाधारहरूको विकास र निर्माण मार्फत मुलुकको आर्थिक विकासमा नगर विकास कोषले आगामी दिनमा थप योगदान पुर्‍याउँदै जानसकोस् भन्ने शुभकामना दिँदै कोषको उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

जय नेपाल।

२६ माघ, २०७८

शेरबहादुर देउवा

**मा. रामकुमारी झांक्री**
**मन्त्री**
**शहरी विकास मन्त्रालय**
**सिंहदरबार, काठमाडौं, नेपाल**

**Hon'ble Ram Kumari Jhakri**
**Minister**
**Ministry of Urban Development**
**Singhadurbar, Kathmandu, Nepal**




**पत्र संख्या**/Let.No.:
**चलानी नं.** /Ref .No.:

## शुभकामना सन्देश

शहरी पूर्वाधार विकासका आयोजनामा ऋण तथा अनुदान परिचालन गरी दिगो पूर्वाधार विकास र स्थानीय तहको क्षमता विकासमा सहयोग गर्न स्थापना गरिएको नगर विकास कोष ३३औं बर्ष पूरा गरी ३४औं बर्षमा प्रवेश गरेको अवसरमा यस संस्थाको लक्ष्य तथा उपलब्धीहरु सहित आ.व. २०७७/७८ को बार्षिक प्रतिवेदन प्रकाशन गर्न लागेकोमा खुसी व्यक्त गर्दछु ।

शहरी विकास मन्त्रालयले शहरी विकासका विविध पक्षहरुलाई समेटी लागु गरिएको राष्ट्रिय शहरी नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयनका लागि शहरी विकास ऐन बनाई कार्यान्वयन गर्ने सन्दर्भमा यसले शहरी पूर्वाधार विकास एवं वित्तीय स्रोत परिचालनका विविध आयामहरु खुल्ने र सहजिकरण हुने कुरामा विश्वास लिएको छु ।

हाल शहरी करणको तिब्र विस्तार संगै दिगो पूर्वाधार विकासको महत्व बढ्दै गएकोले राष्ट्रिय शहरी विकास रणनीतिलाई अवलम्बन गर्दै नगर विकास कोषले स्थानीय तहहरुको आर्थिक, सामाजिक तथा आधारभुत पूर्वाधारहरु निर्माणका लागि वित्तीय स्रोत परिचालन तथा क्षमता विकास गरी देशको शहरी पूर्वाधार विकासमा योगदान पुर्‍याएको छ ।

देशमा बढ्दो शहरीकरणसंगै प्रादेशिक सरकार एवं स्थानीय सरकारहरुलाई पूर्वाधारको दिगो विकास तथा विस्तार गर्न आवश्यक पर्ने वित्तीय एवं प्राविधिक सहयोग पुर्‍याउने एक सुदृढ संस्थाको आवश्यकता देखिएकोले नेपालको शहरी पूर्वाधार विकासका क्षेत्रमा लामो अनुभव सँगालेको यस नगर विकास कोषको हालको कार्यक्षेत्र तथा पूँजीपून: संरचना सहित एक ब्यावसायिक तथा सुदृढ संस्था बनाउन आवश्यक देखिन्छ । यसका लागि मन्त्रालय नगर विकास कोषको पून:संरचना गरी शहरी पूर्वाधार विकास निगम ऐन लाई तार्किक निष्कर्षमा पुर्‍याउन अगाडी बढीरहेको छ ।

अत: नगर विकास कोषले देशको संघीय संरचनाको आधारमा व्यवस्थित शहरी पूर्वाधार विकासमा आवश्यक पर्ने लगानी परिचालन गर्न सक्षम हुने र मुलुककै एक नेतृत्वदायी वित्तीय मध्यस्यथकर्ता संस्थाको रुपमा विकसित हुनेछ भन्ने बिश्वास व्यक्त गर्दै ३४औं वार्षिकोत्सवको अवसरमा कोषसंग सहकार्य गर्नु हुने दातृ निकायहरु, स्थानीय तह तथा साना शहरी खानेपानी उपभोक्ता समितिहरुलाई धन्यवाद ज्ञापन गर्दै नगर विकास कोष परिवारलाई हार्दिक शुभकामना व्यक्त गर्दछु ।

(रामकुमारी झाँक्री)
मन्त्री


फोन: ९७७-१-४२०००३४, ४२०००३५ | फ्याक्स: ९७७-१-४२००२४६ | वेभसाइट: www.moud.gov.np
Phone: 977-1-420034, 4200035 | Fax: 977-1-4200246 | Website: www.moud.gov.np

नेपाल सरकार

# सहरी विकास मन्त्रालय

फोन नं.: ४२११६९३, ४२११८८३, ४२११६७३
फ्याक्स : ९७७-१-४२११८७३
: ९७७-१-४२००२४६
सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्या:-
चलानी नं.:-



## शुभकामना

नगर विकास कोष ३४ औं बसन्त प्रवेश गरेको अवसरमा कोषका विभिन्न गतिविधिहरु सहित वार्षिक प्रतिवेदन प्रकाशन गर्न लागेकोमा अत्यन्त खुसी लागेको छ ।

योजनाबद्ध शहरी विकासका लागि राष्ट्रिय शहरी नीति २०६४ तथा राष्ट्रिय शहरी विकास रणनीति २०७३ अनुसार नगर विकास कोषले पूर्वाधारहरुको वर्गिकरण सहित आर्थिक, सामाजिक तथा आधारभुत आयोजनाहरु निर्माणमा दीर्घकालिन ऋण तथा अनुदान लगानी गरी सर्वाङ्गिण विकासमा योगदान पुर्‍याउदै आएको छ ।

मुलुकमा बढ्दो शहरीकरण,संघीय संरचनागत राज्य प्रणाली आदि विकसित वर्तमान सन्दर्भमा स्थानीय तह तथा प्रादेशिक स्तरमा पनि नगर विकास कोषको सेवा विस्तार गर्नु पर्ने अवस्था भएकाले कोषको वर्तमान कार्य क्षेत्र र पूँजी संरचना गरी एक व्यवसायिक तथा सुदृढ संस्था शहरी पूर्वाधार विकास निगम मा रुपान्तरण गर्न ऐन स्वीकृतिको कार्य अगाडी बढिरहेको छ ।

नगर विकास कोषलाई शहरी पूर्वाधार विकास निगममा रुपान्तरण गर्नमा मन्त्रालयको सहयोग रहने र त्यस पश्चात बन्ने निगमले शहरी पूर्वाधार विकासमा ठुलो योगदान पुग्ने विश्वास लिदै वार्षिकोत्सवको अवसरमा सम्पूर्ण विकास साझेदार संस्थाहरु, स्थानिय तह र नगर विकास संग संबन्धित संघ संस्थाहरुलाई विशेष धन्यवाद ज्ञापन गर्दै कोष परिवारलाई समेत हार्दिक शुभकामना व्यक्त गर्दछु ।

मणिराम गेलाल
(सचिव)
शहरी विकास मन्त्रालय
एवं, अध्यक्ष, नगर विकास कोष

# नगर विकास कोष

पोष्ठ वक्स नं. : ५१४४
नयाँ बानेश्वर,काठमाडौं
फोन नं. : ४४९३८६६, ४४६४८७४, ४४६५६५१
फ्याक्स नं. ००९७७-१-४४७१२२७
इमेल: tdf@tdf.org.np, Website: www.tdf.org.np


पत्र संख्या :
चलानी नं. :



## प्रतिवद्धता

वि.सं. २०४५ सालमा स्थापित यस नगर विकास कोष हाल देशका ८८ वटा नगरपालिकाहरु र १०० बटा साना सहरहरुमा शहरी पूर्वाधारका विभिन्न आयोजनाहरु बसपार्क, कृषि बजार, नगरपालिका प्रशासकीय भवन, विद्यालय भवन, अस्पताल भवन, खानेपानी, ढल निर्माण, व्यापारिक भवन, फोहोर मैला व्यवस्थापन, जग्गा व्यवस्थापन, सडक आदि लगायत १२१० वटा आयोजना सम्पन्न गरी ३४ औं वर्षमा प्रवेश गरेको छ। कोषले नेपाल सरकार, जर्मन विकास बैंक, एशियाली विकास बैंक, विश्व बैंक तथा अन्य विकास साझेदारहरुको वित्तीय तथा प्राविधिक सहयोग ऋण तथ अनुदानको रुपमा परिचालन गर्दै आएको छ र नियमितरुपमा नेपाल सरकारलाई तिर्नु पर्ने साँवा तथा ब्याज भुक्तानी गरी लगानी तर्फ को ऋण असुली गरी रहेकोछ।

मुलुकको करिव ६६ प्रतिशत भन्दा बढि तथा २९३ वटा नगरपालिकाहरुको जनसंख्या शहरवासीमा रुपान्तरित भैसकेको हालको अवस्थामा व्यवस्थित, उत्थानशिल तथा आर्थिकरुपमा चलायमान शहरहरुको अपरिहार्यता बढ्दै गईरहेकोछ। यसको परिपूर्तिका लागि परम्परागत विकास निर्माणका विधि र वित्तीय स्रोत परिचालनका अवधारणावाट समय सापेक्ष उपलब्धी हासिल गर्न गाह्रो हुने देखिन्छ। त्यसैले विश्व समुदाय पनि वैकल्पिक विधि र स्रोत परिचालनवाट प्रतिफलमुखी पूर्वाधार निर्माण गर्न सफल भएका सन्दर्भमा नेपालमा पनि राष्ट्रियरुपमा Debt Financing policy अवलम्वन गरी शहरी पूर्वाधार निर्माणका लागि Blended Finance को अवधारणा अवलम्वन गर्न जरुरी देखिन्छ।

वर्तमान अवस्थामा कोषमा लगानीका लागि प्राप्त भएका प्रस्तावित आयोजनाको मागलाई मध्येजनर राख्दा कोषका नियमित किसिमका वित्तीय स्रोतले मात्र नपुग हुने भएकाले लगानीका विधिहरु Fund Based Financing Model र Non-Fund Based Financing Model हरु अवलम्वन गर्दै आएकोछ। अन्तर्राष्ट्रिय संघ/संस्थावाट वित्तीय स्रोत परिचालन गर्ने उद्देश्यले नगर विकास कोष हरित जलवायु कोष (GCF) वाट मान्यता प्राप्त संस्था (Accredited) हुनका लागि दोस्रो चरणको आवश्यक प्रकृया अगाडि बढेको छ। साथै आयोजना निर्माणका लागि Municipal Bond जारी गरी स्वदेशी पूँजी बजारवाट रकम परिचालन गर्ने गरी तयारी अगाडी बढि रहेकोछ।


अत: आर्थिक,सामाजिक तथा आधारभूत पूर्वाधार विकासमा दीर्घकालीन ऋण लगानी गरी आर्थिक विकासका लक्ष्य प्राप्त गर्नका लागि कोष लाई **"शहरी पूर्वाधार विकास निगम"**का रुपमा रुपान्तरण गरी मुलुकको वित्तीय बजार एवमं निजी क्षेत्रको पुंजी परिचालन पूर्वाधार विकासमा गराउन सक्ने दीगो वित्तीय मध्यस्थकर्ता संस्थाका रुपमा विकास गराउन नेपाल सरकार, प्रदेश, स्थानीय तह र अन्य विविध संस्थाहरुको समेत स्वामित्व रहने गरी रु.२० अर्व बराबरको इक्वीटी पुँजी संरचना सहित शहरी पूर्वाधार विकास निगम ऐनको मस्यौदा शहरी विकास मंत्रालयबाट मन्त्रीपरिषद्मा पेश हुने प्रक्रियामा रहेको छ।

नेपालको दिगो शहरी पूर्वाधार विकासमा ऋण लगानी तथा प्राविधिक सहयोग गरी वित्तीय मध्यस्थकर्ताको रुपमा योगदान पुऱ्याउन कोषलाई शहरी पूर्वाधार विकास निगममा रुपान्तरण गर्ने योजनासहित कोषको ४वर्षे (आ.व.०७७/७८–०८०/८१) व्यावसायिक योजनाले निर्दिष्ट गरेका लक्ष्यहरु हासिल गर्ने प्रतिबद्धता व्यक्त गर्दै नेपाल सरकार, विकास साझेदारहरु, स्थानीय तह, सेवाग्राही तथा सम्वन्धित विभिन्न संघसंस्थाहरुलाई कोषको तर्फवाट विशेष धन्यवाद दिन चाहन्छौं।

२०७७।८०।७१

..............................
कृष्ण प्रसाद सापकोटा
कार्यकारी निर्देशक

# संगठन संरचना


संचालक समिति
उप-समिति
कार्यकारी निर्देशक
सचिवालय एवं योजना अनुगमन तथा मूल्यांकन केन्द्र
आन्तरिक लेखा परीक्षण
सुचना व्यवस्थापन शाखा
योजना, अनुगमन तथा मूल्याङ्कन शाखा
अनुसन्धान तथा विकाश
आयोजना व्यवस्थापन तथा प्राविधिक सहयोग विभाग
वित्त तथा मानव संशाधन विभाग
व्यवसाय प्रबर्द्धक तथा आयोजना विकास महाशाखा
आयोजना अनुगमन तथा सुपरिबेक्षक व्यवस्थापन महाशाखा
प्राविधिक सहयोग तथा परामर्श सेवा महाशाखा
आयोजना मूल्याङ्कन महाशाखा
वित्त तथा कोष व्यवस्थापन महाशाखा
मानव संशाधन महाशाखा
ग्राहक सम्बन्ध तथा सानिसा प्रबर्द्धन शाखा
आयोजना विकास शाखा
खरिद सेवा सहयोग शाखा
आयोजना अनुगमन शाखा
तालिम तथा क्षमता अभिबृद्धि शाखा
आयोजना मूल्याङ्कन शाखा
लगानी तथा असुली शाखा
लेखा शाखा
प्रशासन शाखा
जिन्सी तथा खरिद शाखा

# संचालक समिति



अध्यक्ष
**मणिराम गेलाल**
सचिव
शहरी विकास मंत्रालय



सदस्य
**डिल्लीराज भुषाल**
नगर प्रमुख, रेसुङ्गा न.पा.



सदस्य
**वलदेव चौधरी**
नगर प्रमुख, त्रियुगा न.पा.



सदस्य
**राजनराज पन्त**
नगर प्रमुख, गोरखा न.पा.



सदस्य
**बालकृष्ण आचार्य**
नगर प्रमुख, धुनीवेंशी न.पा.



सदस्य
**रचना श्रेष्ठ**
नगर उप-प्रमुख, क्षिरेश्वरनाथ न.पा.



सदस्य
**मिमसरा वम**
नगर उप-प्रमुख, रास्कोट न.पा.



सदस्य
**रत्ना कडायत**
नगर उप-प्रमुख, गोदावरी न.पा.



सदस्य
**विष्णु दत्त गौतम**
सह-सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय



सदस्य
**ईश्वरी प्रसाद अर्याल**
सह-सचिव, अर्थ मन्त्रालय



सदस्य
**श्री रतन कुमार मिश्र**
अर्थ विज्ञ



सदस्य
**श्री रामदीप साह**
प्राविधिक विज्ञ



सदस्य
**रन्जु कुमारी साह**



सदस्य
**ईश्वरी राज भट्टराई**



सदस्य
**सन्दीप कुमार मिश्र**



सदस्य सचिव
**कृष्ण प्रसाद सापकोटा**
कार्यकारी निर्देशक

# कार्यकारी सारांश

नेपालको शहरी पूर्वाधार विकासमा दीर्घकालीन ऋण परिचालन गर्ने गरी एक मात्र वित्तीय संस्थाका रूपमा स्थापित कोषले विगत ३३ वर्ष देखि नगरपालिकाहरूको सामाजिक तथा आधारभूत र आर्थिक पूर्वाधारहरूको विकास तथा साना शहरहरूमा सरसफाई क्षेत्रमा वित्तीय तथा प्राविधिक सहयोग प्रदान गर्दै आएको छ । नेपालमा तिब्ररूपमा वढ्दै गईरहेको शहरीकरण तथा नगरपालिकाहरूको संख्या बृद्धिले शहरका पूर्वाधार हरूको विस्तार तथा विकासका लागि यथेष्ट मात्रामा लगानीको आवश्यकता रहेको छ । नगरपालिकाहरूको आर्थिक क्षमता पूर्वाधार विकासका लागि आवश्यक लगानीको तुलनामा ज्यादै न्यून रहेको वर्तमान अवस्थामा नगरपालिकाहरूले ठूला र आय आर्जन हुने आर्थिक पूर्वाधारका आयोजनाहरू मिश्रित वित्तीय लगानीका अवधारणाहरू अवलम्वन गर्दै शहरी सेवा तथा सुविधाहरूको विस्तार गरी शहरी जीवनस्तरमा सुधार ल्याउनु आवश्यक छ । नगर विकास कोष शहरी पूर्वाधार निर्माणमा नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्ने एक स्वायत्त एवं दीगो वित्तीय मध्यस्थकर्ता संस्थाका रूपमा स्थापित हुनेगरी शहरी पूर्वाधारको क्षेत्रमा चार वर्षमा २० अर्व लगानी गर्ने लक्ष्य लिई चार वर्षीय व्यावसायिक योजनाको दोस्रो वर्षमा अगाडी बढेको छ ।

कोषले आ.व. ०७७/७८ मा निर्धारण गरेका रणनीति, कार्यनीति कार्ययोजना, तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा सन् २०२० को प्रारम्भमा देखा परेको कोभिड १९ महामारीले समग्र राष्ट्रिय तथा अर्न्तराष्ट्रियस्तरमा अर्थतन्त्रमा पारेको प्रभावसँगै कोषलाई पनि स्वभावतः असर पर्न गयो । तथापि कोभिड महामारी र सोको रोकथाम र नियन्त्रणका लागि अवलम्वन गरिएका स्वास्थ्य मापदण्डको पालना र यसप्रति सजगता अपनाउँदै लक्षित कार्यक्रमहरूलाई आगाडि बढाउन निरन्तरको प्रयासबाट कोषले शहरी पूर्वाधार विकास तथा खानेपानी तथा सरसफाईका आयोजनाहरूमा आ.व. २०७७/७८ मा कुल रू. २ अर्व ७५ करोड २४ हजार लगानी गर्ने लक्ष्य राखेकोमा रू. १ अर्व २१ करोड ६१ लाख ६ हजार लगानी भई लक्ष्यको ४४ प्रतिशत प्रगति हासिल भएको छ ।

कोषको व्यवसाय सञ्चालनवाट हुने नियमित आम्दानी र दातृ संस्थाहरूबाट प्राप्त हुने अनुदान आम्दानी समेतवाट आ.व. २०७७/७८ मा कूल रू. ६३ करोड ८४ लाख ८७ हजार आम्दानी हुने अनुमान गरिएकोमा जम्मा रू. ५६ करोड १५ लाख २६ हजार आम्दानी हुन गई लक्ष्यको ८२ प्रतिशत प्रगति हासिल भएको छ ।

आ.व. २०७७/७८ मा कोषको व्याज खर्च, कर्मचारी खर्च, कार्यालय सञ्चालन खर्च, व्यवसाय प्रवर्द्धन, प्राविधिक सहयोग तथा परामर्श सेवा खर्च, संस्थागत विकास कार्यक्रम खर्च तथा गैर सञ्चालन खर्चतर्फ कूल रू. २८ करोड ५१ लाख १७ हजार हुने अनुमान गरिएकोमा कूल रू. १९ करोड १० लाख २४ हजार खर्च भई अनुमानको ६६ प्रतिशत खर्च हुन गएको छ । आ.व. ०७७/७८ मा कर वापत रू. ११ करोड ४३ लाख ७५ हजार नेपाल सरकारलाई भुक्तानी गरी रू. २५ करोड ६१ लाख ५७ हजार खुद नाफा हुन गएको छ ।

आ.व. २०७७/७८ मा कोषले ऋण लगानी गरेका विभिन्न आयोजनाहरूबाट उठाउनु पर्ने साँवा तथा व्याज गरी रू. १ अर्व २३ करोड ५८ लाख असुल हुनुपर्नेमा रू. ७२ करोड ५ लाख असुल भएको छ । यस आ.व. मा नेपाल सरकारलाई भुक्तानी गर्नुपर्ने नियमित साँवा तथा ब्याज रू.२२ करोड ५९ लाख ८३ हजार रहेकोमा २१ करोड ८ लाख ८८ हजार भुक्तानी गरिएको छ ।

आ.व. २०७६/७७ मा कोषको पूँजी रू. ५ अर्व ८८ करोड ३३ लाख ५६ हजार भएकोमा व्यवस्थापनले तयार गरेको वित्तीय प्रतिवेदन अनुसार आ.व. ०७७।७८ मा रू. ३९ करोड ५५ लाख २३ हजार थप भई कोषको कूल पूँजी रू. ६ अर्व २७ करोड ८८ लाख ८० हजार पुगेको छ ।

आ.व. ०७७।७८ मा कोषले अन्तर्राष्ट्रिय तथा राष्ट्रिय संघ संस्थाहरूसंगको सहकार्यलाई पनि प्राथमिकताकासाथ अगाडि बढाउन सफल भयो । कोषको संस्थागत विकासका लागि UNCDF को प्राविधिक सहयोगलाई शहरी पूर्वाधार विकास निगम रूपान्तरणमा सहयोग पुऱ्याउने गरी परिमार्जन, युरोपियन युनियन (EU) को सहयोगमा सञ्चालित नगरपालिका वित्त व्यवस्थापन तथा क्षमता अभिबृद्धि कार्यक्रमले निर्दिष्ट गरेका कार्यक्रमहरूलाई २ वर्ष भित्र सम्पन्न गर्ने लक्ष्य सहित संशोधित क्रियाकलापहरूको EU बाट स्वीकृती, जलवायु अनुकूलन तथा न्यूनिकरणका आयोजनाहरूको विकासका लागि सोही क्षेत्रमा अनुभव प्राप्त अन्तर-सरकारी अन्तर ाष्ट्रिय सङ्गठन International Inter-Government Organization (Global Green Growth Institute–GGGI) र कोष बीच प्राविधिक सहयोगका लागि MoU सम्पन्न गरियो ।


आ.व. ०७७।७८ मा कोषलाई Green Climate Fund (GCF) मा मानक संस्था (Accreditation Institution) का रूपमा स्थापित गर्न आवश्यक दस्तुर बुझाई पहिलो चरणको प्रक्रिया सम्पन्न भई दोस्रो चरणको प्रक्रिया अगाडि बढाईएको छ भने कोषबाट GCF को स्रोत परिचालन गर्नेगरी अर्थ मन्त्रालयबाट स्वीकृत Country Program Pipeline मा रहेका Green Buses: Large Scale Deployment of Electric Buses in Kathmandu Valley र National Financing vehicle to boost the emergence of Nepal's Green Economy आयोजनाहरूको तयारी भैरहेको छ । अन्तराष्ट्रिय दातृ निकायहरू तथा अन्य सङ्घ सस्थाहरूको स्रोत प्राप्ति तथा परिचालनको पहुँचका लागि Asian Infrastructure Investment Bank (AIIB) मा Non Sovereign Debt Financing का लागि प्रस्ताव पेश भई छलफल आगाडि बढेको छ ।

नेपाल सरकारबाट कोषलाई आ.व. ०७७/७८ मा शहरी पूर्वाधार विकास निगममा रूपान्तरण गर्ने नीति तथा कार्यक्रम ल्याईएकोमा "शहरी पूर्वाधार विकास निगम ऐन" को मस्यौदा शहरी विकास मन्त्रालयमा आवश्यक छलफल पश्चात् प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्ने चरणमा रहेको छ ।


## नगर विकास कोष

## आ.व. २०७७/७८ को लगानी, असुली तथा भुक्तानीको साराशं


### आ.व. २०७७/७८ मा कोषका विभिन्न कार्यक्रम अन्तर्गत स्वीकृत ऋण (कूल रू. २ अर्व २० करोड)





### आ.व. २०७७/७८ मा कोषका विभिन्न कार्यक्रम अन्तर्गत गरिएको लगानी (कुल रू. १ अर्व २१ करोड ६१ लाख)




### आ.व. २०७७/७८ आषाढ मसान्तको साँवा तथा ब्याज असुली




### आ.व. २०७७/७८ आषाढ मसान्तको नेपाल सरकारलाई गरेको भुक्तानी



# १. कोषको परिचय

## १.१ पृष्ठभूमि

नेपालमा नगरहरूको निर्माण, विकास तथा बिस्तार एवम् नगरहरूमा आधारभुत सामाजिक सेवा र आयमुलक आयोजना सञ्चालन गर्न गराउन तथा त्यस्तो सेवा तथा आयोजना सञ्चालन गर्ने नगर बिकाससँग सम्बन्धित निकायहरूलाई आर्थिक र प्राबिधिक सहयोग प्रदान गरी व्यबस्थित ढङ्गले नगरको निर्माण गर्ने गराउने अभिप्रायले वि.सं. २०४५ फाल्गुण २ गते नेपाल सरकारको करीब रू. १ करोड २९ लाखको इक्वीटी पूँजीबाट नगर विकास कोष समितिको रूपमा स्थापना भएको हो । तत् पश्चात वि.सं. २०५३ सालमा नगर विकास कोष ऐनद्वारा स्वयात्त संस्थाको रूपमा क्रियाशिल रहेको कोषले विगत ३३ वर्ष देखि शहरी विकाससँग सम्बन्धित निकायहरूको पूर्वाधार विकासका लागि ऋण तथा अनुदान प्रवाह एवम् क्षमता विकासका लागि प्राविधिक सहायता प्रदान गर्दै आएको छ । कोष नेपाल सरकारको कार्य विभाजन नियमावली अनुसार हाल शहरी विकास मन्त्रालय अन्तर्गत रही राष्ट्रिय शहरी नीति र राष्ट्रिय शहरी विकास रणनीतिको कार्यान्वयनमा समेत आफ्नो भूमिका निर्वाह गर्दै आएको छ ।

कोषले नेपाल सरकार तथा विभिन्न अर्न्तराष्ट्रिय विकास साझेदारहरु (विश्व बैंक, जि.टी.जेड, जर्मन विकास बैंक (के.एफ.डब्ल्यू.), एसियाली विकास बैंक, युरोपियन युनियन, यु.एन.सि.डि.एफ.) को वित्तीय तथा प्राविधिक सहयोग र कोषको इक्विटी परिचालन गरी देशका ८८ वटा नगरपालिका र १०० वटा साना सहरहरूमा आयमुलक तथा सामाजिक पूर्वाधारहरूका वसपार्क, व्यावसायिक भवन, नगरपालिका भवन, स्कुल भवन, मनोरन्जन पार्क, फोहरमैला व्यवस्थापन, सतह ढल, खानेपानी र सडक लगाायतका करिव १३३५ वटा आयोजनाहरूमा रू. १० अर्व ७६ करोड ऋण तथा रू. २ अर्व ४६ करोड अनुदान लगानी गरिसकेको छ । आ.व. २०७७/७८ को अन्त्यसम्म साँवा तथा व्याज गरी जम्मा रू. ६ अर्व २ करोड ६१ लाख १४ हजार असुल हुनुपर्नेमा आ.व. २०७७/७८ को अन्त्य सम्ममा साँवा र ब्याज गरी रू. ५ अर्व  ५२ करोड ४६ लाख ९७ हजार असुल भएको छ ।

मुलुकमा आधुनिक पूर्वाधारयुक्त, योजनावद्ध, वातावरणमैत्री, व्यवस्थित, आर्थिकरूपमा गतिशील सुन्दर शहर निर्माण तथा विकासका लागि नगर विकाससँग सम्बन्धित निकायहरूसँग सहकार्य गर्दै नगरपालिकाहरूका लागि शहरी पूर्वाधार निर्माणमा नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्ने एक स्वायत्त एवं दीगो वित्तीय मध्यस्थकर्ता संस्थाका रुपमा स्थापित हुने कोषको दुरदृष्टि रहेको छ ।

## १.२ कोषको दूरदृष्टि (Vision)

शहरी पूर्वाधार विकासमा दिगो नेतृत्वदायी वित्तीय मध्यस्थकर्ताको रुपमा स्थापित हुने ।

## १.३ कोषको ध्येय (Mission)

राष्ट्रिय विकासको लक्ष्य अनुरूप शहरी पूर्वाधार एव्म शहरी सेवा सुविधामा जनताको पहुँच स्थापित गरी आर्थिक तथा सामाजिक जीवनस्तरमा सुधार गर्न योगदान पुर्‍याउने ।

## १.४ कोषको मूल मान्यता (Core Value)

- शहरी पूर्वाधारका आयोजनाहरुको निर्माणमा ऋण लगानीलाई प्रबर्द्धन गर्दै शहरी सेवा सुविधाहरुको विस्तार गरी जनताको आर्थिक तथा सामाजिक जीवनस्तरमा सुधार ।

- दिगो शहरी पूर्वाधारमा लगानीलाई विस्तार गर्दै देशको आर्थिक–सामाजिक क्षेत्रको विकास ।
- वित्तीय एवम् गैर वित्तीय नवीन उपकरणको प्रबर्द्धनबाट शहरी पूर्वाधार विकास ।

## १.५ कोषको उद्देश्यहरू

अल्पकालिन तथा दीर्धकालिन रणनीतिहरू बनाई कार्य गर्नका लागि नगर विकास कोष ऐन, २०५३ को परिच्छेद २ (५) बमोजिम नगर विकास कोषको देहाय बमोजिम उद्देश्यहरू रहेका छन्ः

(क) नगर विकाससंग सम्बन्धित निकायलाई आवश्यक आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्ने ।

(ख) नगरलाइ स्वच्छ तथा सफा राख्न आवश्यक काम गर्ने, गराउने ।

(ग) विभिन्न किसिमका आधारभूत सामाजिक सेवा तथा आयमूलक आयोजना संचालन गर्ने, गराउने ।

(घ) नगर विकास र यसको लागि गरिनुपर्ने सभाव्य सुधारहरूका सम्वन्धमा देखा परेका समस्याहरूको निराकरणका उपायहरू पत्ता लगाउन आवश्यकता अनुसार कार्यमूलक अनुसन्धान गर्ने, गराउने ।

## १.६ कोषको मुख्य मुख्य काम कर्तब्य र अधिकार

(क) कोषको सञ्चालन र व्यवस्थापन सम्बन्धी नीति निर्धारण गरी कार्यान्वयन गर्ने, गराउने ।

(ख) कोषको वार्षिक तथा आवधिक कार्यक्रम र बजेट स्वीकृत गर्ने र सो को निमित्त आवश्यक रकमको व्यवस्था गर्ने, गराउने ।

(ग) नगरको निर्माण, विकास तथा विस्तार तथा नगरमा आधारभूत सामाजिक सेवा तथा आयमूलक आयोजना सञ्चालन गर्ने, नगर विकाससंग सम्बन्धित निकायहरूलाई आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्ने ।

(घ) नगरको निर्माण, विकास, विस्तार र विविधिकरणको लागि आवश्यक पर्ने आर्थिक तथा प्राविधिक आधारहरु तयार पारी नगर विकाससंग सम्बन्धित कार्यक्रमहरू कार्यान्वयन गर्ने, गराउने तथा त्यस्ता कार्यक्रममा नगर विकाससंग सम्बन्धित निकायहरूको सहभागितालाई अधिकतम मात्रामा प्रोत्साहित गर्ने ।

(ङ) नगर विकाससंग सम्बन्धित निकायमा कार्यरत कर्मचारीहरूलाई दिइने तालिम तथा प्रशिक्षणको लागि आवश्यक सहयोग पु¥याउने ।

(च) नगर विकाससंग सम्बन्धित निकायहरूलाई नगर विकास सम्बन्धी विषयहरूमा आवश्यक परामर्श सेवा प्रदान गर्ने ।

(छ) कोषसंग ऋण लिई सञ्चालन भएका आयोजना तथा कार्यक्रमहरूको अनुगमन तथा सुपरिवक्षण गर्ने, गराउने ।

(ज) नेपाल सरकारले कुनै विदेशी सरकार वा संस्था वा अन्तर्राष्ट्रिय संस्थासंग कोषका सम्बन्धमा गरेको सम्झौता बमोजिम कार्य गर्ने, गराउने ।

(झ) कोषको हित विपरीत नहुने गरी कोषको रकम प्रचलित कानुन बमोजिम स्थापित अन्य कुनै सस्थाको शेयर, डिवेन्चर वा अन्य कुनै किसिमको ऋणपत्र खरिद गर्ने कार्यमा लगानी गर्ने ।

## १.७ कोषको रणनीतिहरू

(१) कोषलाइ "शहरी पूर्वाधार विकास निगम" मा रुपान्तरण गर्ने ।

(२) कोषको लगानीका क्षेत्रलाई व्यापक तथा प्रभावकारी बनाउन राष्ट्रिय शहरी नीति तथा शहरी पूर्वाधार विकास रणनीतिका आधारमा सम्बन्धित निकायहरूसंग समन्वय गरी कार्य गर्ने ।

(३) नेपाल सरकारको पूर्वाधार विकाससँग सम्बन्धित विभिन्न निकायहरूँग सहकार्य गरी पूर्वाधारसम्बन्धी ठुला आयोजनाहरूको विकास तथा वित्तीय स्रोत परिचालन गर्ने ।

(४) सार्वजानिक निजी साझेदारी (PPP) र मिश्रित लगानी (Blending Finance) को

अवधारणाअनुसार शहरी पूर्वाधारका क्षेत्रमा ऋण लगानी गर्ने ।

(५) पूर्वाधार विकासमा वैकल्पिक पुँजी स्रोतका लागि डेभलपमेण्ट बोण्ड जारी गर्ने ।

(६) कोष एवं स्थानीय तहहरूको संस्थागत विकास, स्रोत परिचालन तथा रणनीतिक महत्वका क्षेत्रमा आवश्यक ज्ञान, सीप तथा अनुभव आदान प्रदान गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँगको सञ्जाल निर्माण गरी प्राविधिक सहयोग परिचालन गर्ने ।

(७) प्रतिस्पर्धी व्यावसायिक वित्तीय संस्थाकारूपमा स्थापित हुनका लागि नगर विकास कोषको क्रेडिट रेटिङ्ग गर्ने ।

(८) नगरपालिकाहरूको आन्तरिक वित्तीय क्षमता अभिवृद्धि गर्दै ऋण वहन क्षमता वृद्धि गराउनका लागि सम्भावित नगरपालिकाहरूको क्रेडिट रेटिङ्ग गर्ने ।

(९) प्रतिस्पर्धी खुल्ला कोषमार्फत् शहरी पूर्वाधारका रणनीतिक आयोजनाहरूमा लगानीलाई विस्तार गर्ने ।

(१०) नगरपालिकाहरूको विशिष्टीकरण र वस्तुगत आधारमा स्थानीय तहको आर्थिक विकासमा योगदान पुऱ्याउने किसिमका गुणस्तरीय आयोजना तयारीका लागि आयोजना बैंक तयार गर्ने ।

(११) कोषलाई अन्तर्राष्ट्रिय मापदण्डअनुसारको वित्तीय मध्यस्थकर्ता संस्था Center of Excellence का रूपमा विकास गर्ने ।

(१२) कोषलाई व्यवसायिकरूपमा प्रभावकारी बनाउन यसका अवसर र चुनौतीलाई पहिचान गरी योजनावद्धरूपमा अगाडी बढ्न यस क्षेत्रसँग सम्बन्धित सङ्घ/संस्थाहरूसँग सहकार्य गरी अनुसन्धान तथा विकासका अनुसन्धान (Reasearch and Development) का कार्यहरू गर्ने ।

(१३) कोषको ऋण असुलीको अवस्था सुदृढ गर्नका लागि खानेपानी संस्थाहरूको क्षमता अभिबृद्धि सम्बन्धी विषेश कार्यक्रमहरू सञ्चालनमा ल्याईनेछ ।

## १.८ कोषको लगानीका क्षेत्रहरू

कोषको ऋण तथा अनुदान नीति, नियमावली तथा कार्य सञ्चालन निर्देशिकाको व्यवस्था अनुसार प्रभावकारी लगानीका लागि शहरी पूर्वाधारहरूलाई १) सामाजिक पूर्वाधार (social infrastructure), २) शहरी आधारभूत पूर्वाधार (Urban utility infrastructure), ३) आर्थिक पूर्वाधार (economic infrastructure) लगायत आयमूलक आयोजनाहरू (revenue generating projects) मा वर्गिकरण गरी लगानी गर्दछ ।

(क) सामाजिक पूर्वाधार (Social Infrastructure) सम्बन्धी आयोजनाः ढल निर्माण, सार्वजनिक सौचालय, शहरी क्षेत्रमा अव्यवस्थित वस्ती सुधार, विद्यालय, आदि पर्दछन् ।

(ख) शहरी आधारभुत पूर्वाधार (Urban Utility Infrastructure) आयोजनाः सडक तथा पुल, खानेपानी, धार्मिक तथा साँस्कृतिक क्षेत्रहरूको संरक्षण तथा सम्बर्द्धन, वधशाला, सडक बत्ति, नगरपालिका भवन, सामुदायिक वा विश्रामस्थल, खेलकुद रंगशाला, मनोरंजन क्षेत्रहरू, शव दाहन क्षेत्र गृह, म्युजियम, प्राकृतिक श्रोत संरक्षण (सार्वजनिक जग्गा संरक्षण, नदि नियन्त्रण तथा भू-क्षय रोकथाम, सिमसार तथा श्रोत संरक्षण, वायु तथा ध्वनी प्रदुषण, सडकमा वृक्षारोपण आदि जस्ता शहरी सुविधाका आधारभूत पूर्वाधार विकासका लागि कोषले ऋण लगानी गर्दछ ।

(ग) आर्थिक / आयमुलक पूर्वाधार (Economic / Revenue Generation Infrastructure) आयोजनाः बसपार्क तथा पार्किङ्ग क्षेत्र, घरेलु साना तथा मझौलाउद्योगहरू, पर्यटन विकास आयोजना लगायत बजार विकास (हाट बजार, प्रर्दशनीस्थल) व्यापारिक भवन निर्माण, तरकारी बजार, विद्युतिय परिवहन, केवल कार, संचार सम्बन्धी सुविधा, जलविद्युत आदि आय आर्जन गर्ने व्यवसायिक पूर्वाधार विकासमा पनि २० वर्ष सम्ममा भुक्तानी गरिसक्ने गरी कोषले ऋण प्रवाह गर्दछ । यी आयोजनाहरू स्थानीय तहको आर्थिक विकासका लागि कोषे ढुङ्गा हुने देखिन्छ ।

कोषले शहरी पूर्वाधारहरूमा नेपाल सरकार तथा दातृ निकायको वित्तीय सहयोगमा ऋण

र अनुदानको मिश्रित प्रणालीका आधारमा लगानी गर्दै आएकोछ । यद्यपी कोषले ऋण लगानी र वैकल्पिक वित्तीय स्रोत परिचालनलाई जोड दिई नीजिक्षेत्रलाई जोड दिदै समग्र पूर्वाधार निर्माणमा लगानी गर्ने नीति लिएको छ ।

## १.९ कोषको सेवाग्राहीहरू

- स्थानीय तहहरु (महानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिका)
- नगर विकास समितिहरु
- खानेपानी तथा सरसफाई उपभोक्ता संस्था
- नगरउन्मुख गाउँपालिकाहरु तथा अन्य शहरी विकासमा संलग्न निकायहरु (प्राधिकरण, बोर्ड र स्थानीय संस्था) ।
- प्रचलित कानुनवमोजिम स्थापना भएका सरकारी वा गैह्र सरकारी संस्था


## १.१० कोषको ऋण लगानीका विधिहरू

नगर विकास कोषले शहरी पूर्वाधार विकासमा १) लगानी गर्दा वित्तीय स्रोतसहित र २) वित्तीय स्रोतविनाको लगानीका निम्न विधी अनुसार स्रोत परिचालन गर्दछ ।

| | |
|---|---|
| वित्तीयमा स्रोतमा आधारित लगानी विधि (Fund Based Financing Model) | Loan Product:<br>• आयोजना निर्माणका लागि दीर्घकालीनरूपमा (२५ वर्ष सम्म सहुलियत अवधि सहित) ऋण उपलब्ध गराउने । |
| | Variants of Loan Product:<br>• आयोजनाको प्रकृतिअनुसार विभिन्न व्याज दरमा निर्माणका लागि ऋण उपलब्ध गराउने । |
| | Equity Product:<br>• आयोजनाबाट प्राप्त हुने प्रतिफल (नाफा वा घाटा) प्राप्त गर्ने गरी कुल लागतको अनुपातमा लगानी गर्ने । |
| | Municipal/Infrastructure Bond:<br>• आयोजना निर्माणका लागि ऋण पत्र जारी गरी आम सर्वसाधारणवाट स्वदेशी पुँजी सङ्कलन गरी आयोजनामा लगानी गर्ने । |
| | Special Purpose Vehicle:<br>• आयोजना सञ्चालन वा निर्माणका लागि सेवा प्रदायक संस्था वा कम्पनीलाई ऋण प्रवाह गर्ने । |

| | |
|---|---|
| वित्तीय स्रोत विना लगानी विधि (Non-Fund Based Financing Model) | Credit Enhancement Product<br>• आयोजना निर्माणमा लाग्ने लागतको सुनिश्चितताका लागि कोष जमानी (Gurauntee) रही आवश्यक रकम को प्रबन्ध मिलाउने । |
| | PPP Financing<br>• सार्वजनिक, नीजि क्षेत्रहरूलाई सहभागी गराई आयोजना निर्माण, संचालन र व्यवस्थापन गर्ने गराउने । |
| | Leverage Climate Finance<br>• वातावरण संरक्षणका आयोजनाहरूमा वित्तीय सहायता परिचालन गरी आयोजना निर्माणको ब्यवस्थापन गर्ने । |
| | Energy Efficiency Finance<br>• आयोजनामा जडान भएका वा निर्मित हुने संरचनामा ऊर्जा दक्षतासम्बन्धी कार्यक्रम संचालन गरिने । |
| | Land Value Index and Tax Calculator<br>• स्थानीय तहहरूलाई जग्गा मूल्यांकनका आधार र कर गणना विधि उपलब्ध गराइने । |

## प्रदेश नं. १ मा कोषको आयोजना सञ्चालन भएका नगरपालिका र साना शहरहरू



# २. आ.व. ०७७/७८ मा कोषद्वारा संचालित कार्यक्रमहरूको प्रगति समीक्षा

## २.१ नगर विकास कार्यक्रम दोस्रो तथा तेस्रो चरण (TDP-II & III)

नगरहरूको पूर्वाधार विकासमा एक सक्षम दीर्घकालिन ऋण परिचालन गर्ने वित्तीय मध्यस्थकर्ता संस्थाका रूपमा नगर विकास कोषलाई स्थापित गराउने र शहरी पूर्वाधार क्षेत्रमा ऋण लगानी (Debt Financing) अवधारणाको विकास गराउने उद्देश्यअनुरूप जर्मन विकास बैंक (के.एफ.डब्ल्यू.) ले सन् १९९५ देखि नगर विकास कार्यक्रम प्रथम, दोस्रो र तेस्रो चरण मार्फत कोषलाई नगरपालिकाहरूको पूर्वाधार विकासका लागि अनुदान सहयोग गर्दै आएको नगर विकास कार्यक्रम दोस्रो र तेस्रो चरण सन् २०२१ जूनबाट सम्पन्न भएको छ । यस कार्यक्रम अन्तर्गत नगरपालिकाहरूको पूर्वाधारहरू वसपार्क, व्यावसायिक भवन, विद्यालय, सतह ढल, नगरपालिकाहरूको प्रशासकिय भवन जस्ता १२१ वटा आयोजनाहरूमा रू. १ अर्व ३५ करोड ऋण र रू. ३६ करोड ५ लाख अनुदान गरी रू. १ अर्व ७१ करोड ५ लाख ऋण तथा अनुदान परिचालन भएको छ । यसै कार्यक्रमका लागि नेपाल सरकारको म्याचिङ्ग फण्ड वापत रू. २४ करोड ८७ लाख अनुदान प्रवाह भएको छ । यस कार्यक्रम अन्तर्गत नगरपालिकामा ऋण लगानी भई असुली भएको रकबाट कोषमा रू. ८१ करोड बराबरको चक्रीय कोष खडा भएको छ । यस चक्रीय कोषबाट र यस कार्यक्रम कार्यान्वयनको चरणमा कोषले प्राप्त गरेको अनुभवबाट नगरहरूको पूर्वाधार विकासमा कोषलाई एक सक्षम दीर्घकालिन ऋण परिचालन गर्ने वित्तीय मध्यस्थकर्ता संस्थाका रूपमा स्थापित हुन महत्वपूर्ण आधार प्रदान गरेको छ ।

आ.व. ०७७/७८ मा कोषबाट जर्मन विकास बैंक (के.एफ.डब्ल्यू.) को सहयोगलाई निरन्तरता दिन नगर विकास कार्यक्रम–चौथो चरण (TDP-IV) का लागि अवधारण पत्र तयार गरी शहरी विकास मन्त्रालय मार्फत अर्थ मन्त्रालयमा पेश गरिएता पनि नेपालमा दातृ संस्था जर्मनीको सहयोगको लगानीको क्षेत्र परिर्वतनका कारण नगर विकास कार्यक्रम–चौथो चरण अगाडि बढ्न सकेन ।

आ.व. २०७७/७८ यस कार्यक्रम अन्तर्गत क्रमागत आयोजना र अध्ययन आयोजनाका लागि रू. २७ करोड विनियोजन गरिएकोमा कोभिड–१९ का कारण अध्ययन अन्तर्गका आयोजनामा लक्ष्य अनुसार प्रगति हुन नसकी संशोधन गरी कायम हुन गएको बजेट रू. २३ करोडमा रू.१७ करोड ३६ लाख ९६ हजार लगानी भई लक्ष्यको ७६ प्रतिशत प्रगति भएको छ । आ.व. ०७७/७८ मा यस कार्यक्रम अन्तर्गत कार्यान्वनको अन्तिम चरणमा रहेका नेपालगञ्ज वसपार्क, धुलिखेलमा व्यावसायिक भवन, बुटवलको उजिरसिंह स्कुल र स्थानीय उत्पादन केन्द्र, गोरखाको व्यावसायिक भवन, बाग्लुङ्गको वसपार्क र भिमेश्वरको व्यावसायिक भवन निर्माण आयोजनाहरू सम्पन्न भई नगर विकास कार्यक्रम दोस्रो तथा तेस्रो चरणले पूर्णता प्राप्त गरेको छ ।

तालिका नं. १ नगर विकास कार्यक्रम दोस्रो र तेस्रो चरण अन्तर्गत आ.व. २०७७/७८ मा सम्पन्न आयोजनाहरू :

| सि.नं. | नगरपालिका | आयोजनाको नाम | कूल लागत | न.वि.कोष ऋण/अनुदान | नेपाल सरकार म्याचिङ्ग फण्ड (अनुदान) | नगरपालिका म्याचिङ्ग फण्ड | आ.व.०७७/७८मा लगानी | | आयोजनामा कूल लगानी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | न.वि.कोष ऋण/अनुदान | नेपाल सरकार म्याचिङ्ग फण्ड | |
| १ | नेपालगंज | बसपार्क | १६६,७३४,८८६ | १३९,३८७,४१९ | १८,९८५,७४७ | ८,३६१,७२१ | ८,६२२,४८२ | १,१७५,४१३ | १४४,६०८,००४ |
| २ | बुटवल | उजिरसिंह स्कुल र स्थानीय उत्पादन केन्द्र, | २३,०४५,६७० | १०,७४७,२२९ | ९,२२३,८३१ | ३,०७४,६१० | ५,५०८,८०७ | ४,७२८,१८३ | २१,९४०,८०६ |
| ३ | भिमेश्वर | व्यावसायिक भवन | ११४,४७७,३६७ | १०३,०२९,६३१ | ८,५८५,८०३ | २,८६१,९३४ | ४८,४३८,४५२ | ४,०३६,५४१ | १२५,०३४,००० |
| ४ | बाग्लुङ्ग | बसपार्क | ८८,०६४,१९९ | ७६,९२०,३६२ | ७,९२९,०८० | ३,२१४,७५६ | ४१,४७०,६१९ | ४,४९३,१७३ | ८४,८४५,३९६ |
| ५ | धुलिखेल | व्यावसायिक भवन | ११,९८५,६३८ | १०,७८७,०७४ | ८९८,९२३ | २९९,६४१ | ८,५६८,२७४ | ७१४,०२३ | ११,६७६,०६८ |
| ६ | गोरखा | व्यावसायिक भवन | ४४,०२४,२१९ | ३९,६२१,७९७ | ३,३०१,८१६ | १,१००,६०५ | ३४,८६०,३७९ | २,९०५,०३२ | ५२,८५४,७५० |
| | जम्मा | | ४४८,३३१,९८० | ३८०,४९३,५१२ | ४८,९२५,२०० | १८,९१३,२६८ | १४७,४६९,०१३ | १८,०५२,३६५ | ४४०,९५९,०२४ |



*(फोटो नं. १ : नगर विकास कार्यक्रम अन्तर्गत निर्माण सम्पन्न भिमेश्वरको व्यवसायिक भवन)*



*(फोटो नं. २ : नगर विकास कार्यक्रम अन्तर्गत निर्माण सम्पन्न गोर्खाको व्यवसायिक भवन)*


तालिका नं. २ नगर विकास कार्यक्रम दोस्रो र तेस्रो चरण अवधिभर सम्पन्न आयोजनाहरू :

| नगरपालिका | आयोजनाको नाम |
|---|---|
| अमरगढी | स्कुल फर्निचर |
| | सामुदायिक पुस्तकालय |
| | नगरपालिका भवन प्रवलिकरण |
| | स्कुल फर्निचर |
| बाग्लुङ्ग | बाग्लुङ्ग वहिरा स्कुल |
| | बाग्लुङ्ग बसपार्क |
| भद्रपुर | नगरपालिका भवन पुर्ननिर्माण |
| | बिरेन्द्र बसपार्क |
| भरतपुर | केन्द्रीय बस टर्मिनल |
| | बालकुमारी माध्यमिक विद्यालय |
| | विद्यालयका भवन, सार्वजनिक शौचालय, पैदल मार्ग |
| | फुटपाथ निर्माण |
| | महेन्द्र बसपार्क |
| भिमदत्त | नगरपालिका भवन |
| | स्कुल भवन तथा फर्निचर |
| | भिमदत्त बसपार्क |
| भिमेश्वर | पैदल मार्ग |
| | व्यवसायिक भवन तथा सार्वजनिक शौचालय |
| | सातदोवाटो व्यवसायिक भवन |
| विराटनगर | बसपार्क |
| विरेन्द्रनगर | बिरेन्द्रनगर बसपार्क |
| | पैदलमार्ग सहित ढल निर्माण |
| विरगंज | मिना बजार ढल व्यवस्थापन |
| | बसपार्क |
| वुटवल | पैदलमार्ग सहित ढल व्यवस्थापन |
| | उर्जिरसिंह विद्यालय भवन सहित प्रर्दशनी केन्द्र तथा स्थानीय उत्पादन केन्द्र |
| | लुम्बिनी बस टर्मिनल तथा पसल कवल |
| व्यास | जन जागृति माध्यमिक विद्यालय |
| | शिव प्राथमिक विद्यालय |
| | भानु प्राथमिक विद्यालय |
| | खुद्रा बजार |
| | कार्यालय भवन सहित व्यवसायिक भवन |

| | |
|---|---|
| दमक | नगरपालि भवन प्रवलिकरण |
| दशरथचन्द | विद्यालय भवन |
| धनगढी | नगरपालिका भवन प्रवलिकरण |
| | व्यावसायिक भवन |
| धनकुटा | भाषा माध्यमिक विद्यालय भवन |
| | सार्वजनिक शौचालय तथा पैदल मार्ग |
| | वसपार्कमा व्यापारिक भवन |
| धुलिखेल | व्यावसायिक भवन |
| | श्रीखण्डपुर ढल व्यवस्थापन तथा पैदलपार्क |
| दिपायल | स्कुल फर्निचर |
| सिलगढी | ढल व्यवस्थापन |
| गोरखा | रत्न लक्ष्मी माध्यमिक विद्यालय |
| | तारा माध्यमिक विद्यालय |
| | गोरखा प्राथमिक विद्यालय |
| | तरकारी बजार |
| गुलरिया | बिद्यालय फर्निचर |
| | कोर एरिया पेभिङ्ग तथा ढल व्यबस्थापन |
| | ज्योती पुस्तकालय भवन |
| गौर | बस टर्मिनल, सार्वजनिक शौचालय तथा सडक |
| गोरखा | गोरखा व्यवसायिक भवन |
| हेटौडा | पैदलमार्ग सहित टि.सी.एन सडक |
| | मुख्य सडक पैदलमार्ग |
| इनरूवा | नगरपालिका भवन प्रवलिकरण |
| | विद्यालय भवन तथा सार्वजनिक शौचालय (४ वटा) |
| | बस टर्मिनल सडक मार्ग |
| ईलाम | गौतम बुद्ध सिटि हल |
| कलैया | हाट बजार तथा सार्वजनिक शौचालय |
| | सतह ढल निर्माण |
| | नगरपालिका भवन प्रवलिकरण |
| कमलामाई | विद्यालय भवन, फर्निचर तथा शौचालय |

| | |
|---|---|
| कपिलवस्तु | स्कुल फर्निचर |
| | नगरपालिका भवन |
| | रत्न राज्य माध्यमिक विद्यालय तथा हरिटिका प्राथमिक विद्यालय भवन |
| खाँदवारी | वरूण क्याम्पस भवन विस्तार |
| | क्याम्पस भवन तथा विद्यालय भवन |
| लेखनाथ | नगरपालिका भवन |
| | श्री गगन माध्यमिक विद्यालय भवन फर्निचर सहित |
| | सामुदायिक पुस्तकालय |
| | नगरपालिका भवन प्रवलिकरण |
| मलंगवा | जनसागर पोखरी निर्माण तथा कृष्ण देवी माध्यामिक विद्यालय |
| मेचीनगर | काकडभिट्टा क्याम्पस भवन |
| | नगरपालिका भवन निर्माण |
| | काकडभिट्टा प्याराभिट्टा वस पार्क |
| | प्राथमिक विद्यालय तथा माध्यामिक विद्यालय (५ वटा) |
| | नगरपालिका भवन प्रवलिकरण |
| नेपालगंज | बस टर्मिनल |
| | नगरपालिका भवन |
| | दैलेखी बंगला स्तरोन्नती |
| पनौती | नगरपालिका भवन |
| | लेन पेभमन्ट |
| पोखरा | सृजना चोकमा सपिङ्ग कम्प्लेक्स |
| पुतलीबजार | श्री काजिमान हरिटिका माध्यमिक विद्यालय |
| | नगरपालिका भवनको बाउन्ड्री |

| | |
|---|---|
| राजविराज | सतह ढल व्यवस्थापन |
| रामग्राम | विद्यालय फर्निचर |
| | सार्वजनिक शौचालय |
| | सतह ढल व्यवस्थापन (हुलाकी सडक र रावण खण्ड मार्ग) |
| सिद्धार्थनगर | फुटपाथ निर्माण |
| | बस टर्मिनल सडक मार्ग |
| | पुतलीबजार फलफुल तथा तरकारी बजार |
| | बस टर्मिनल प्रतिक्षालय |
| सिराहा | स्कुल फर्निचर |
| | सतह ढल निर्माण |
| तानसेन | नगरपालिका भवन प्रवलिकरण |
| | लक्ष्मी माध्यामिक विद्यालयमा बहुउद्देश्शीय भवन |
| टिकापुर | बसपार्कमा सार्वजनिक शौचालय |
| | सामुदायिक पुस्तकालय |
| त्रियुगा | विद्यालय फर्निचर |
| | नगरपालिका भवन प्रवलिकरण |
| | राष्टिय विद्यालय भवन |
| तुलसीपुर | फुटपाथ निर्माण |
| | वसपार्क तथा व्यावासायिक भवन |
| | नगरपालिका भवन निर्माण |
| वालिङ्ग | विद्यालय फर्निचर |
| | पूर्णामृत भवानी माध्यमिक विद्यालय |
| | रनविंर जनहित माध्यमिक विद्यालय |




(नगर विकास कार्यक्रम दोस्रो र तेस्रो चरण अवधिभर नगरपालिकाहरूको शहरी पूर्वाधारमा गरिएको लगानी)

## २.२ तेस्रो साना शहरी खानेपानी तथा सरसफाई (क्षेत्र) आयोजना (STWSSSP-III)

एसियाली विकास बैंकको ऋण सहयोग तथा खानेपानी तथा ढल निकास विभागसँगको सहकार्यमा साना शहरी खानेपानी तथा सरसफाई क्षेत्रगत आयोजना, तेस्रो चरण अन्तर्गत छनौटमा परेका २० वटा साना शहरहरूमा खानेपानी आपूर्ति निर्माणका आयोजनाहरू खानेपानी तथा सरसफाई उपभोक्ता संस्था मार्फत सञ्चालन हुने गरी अघि बढाईएको यो कार्यक्रम यसै आ.व. ०७७।७८ देखि जुलाई २०२१ बाट सम्पन्न भएको छ ।

दातृ संस्था ADB को सहयोग तथा खानेपानी तथा ढल व्यवस्थापन विभागको समन्वयमा नेपाल सरकारबाट छनौट भएका २० वटा साना शहरहरूमा खानेपानी आपूर्ति निर्माणका आयोजनाहरूको कुल लागतको २५ प्रतिशत कोषबाट ऋण, नेपाल सरकारवाट ७० प्रतिशत अनुदान र उपभोक्तावाट ५ प्रतिशत सहलगानी र लागत असुली तथा साझेदारी नीति अवधारणामा सञ्चालित यस कार्यक्रम अन्तर्गत खानेपानी तथा सरसफाई आयोजनाहरूका लागि आयोजना अवधिभरमा कुल लगानी ६ करोड अमेरिकी डलरमध्ये कोष मार्फत १ करोड ८० लाख अमेरिकी डलर (अर्थात करीव १ अर्व ८० करोड) ऋण लगानी गर्ने लक्ष्य राखिएकोमा आ.व २०७७।७८ सम्म रू. १ अर्व ५९ करोड ५ लाख ऋण परिचालन गरिएको छ ।

आ.व २०७७।७८ मा यस साना शहरी खानेपानी तथा सरसफाई क्षेत्रगत आयोजना (तेस्रो चरण) कार्यक्रम अन्तर्गत रू.१४ करोड ५६ लाख (संशोधित) लगानी गर्ने लक्ष्य लिइएकोमा तेस्रो साना शहरी खानेपानी आयोजना अन्तर्गतका वित्तीयरूपमा सम्पन्न हुन बाँकी आयोजनाहरूमा रू. १० करोड ६२ लाख ३७ हजार लगानी भई लक्ष्यको ७३ प्रतिशत प्रगति हासिल भएको छ । यस कार्यक्रम अन्तर्गतका क्रमागत आयोजनामा भएको लागत बृद्धिका कारण आ.व २०७७।७८ मा विरेन्द्रनगर, निर्मलपोखरी, कटारी, महेन्द्रनगर, मिर्चैया, मुसीकोट, चन्द्रौटा र विदुर खानेपानी तथा सरसफाई आयोजनाहरूमा रू. ५ करोड ३२ लाख थप ऋण स्वीकृत गरिएको थियो ।

यस तेस्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजनाको कार्यान्वयनको अन्तमा १५ वटा (बाँबियाचौर, सखुवा महेन्द्रनगर (जनकपुर), महेन्द्रनगर–सुनसरी, मिर्चैया, मुसिकोट, शितलपाटी–खलंगा, चारआली, टिकापुर, छापनाला (डुम्रे), कटहरिया, विरेन्द्रनगर, निर्मलपोखरी, चन्द्रौटा, खलंगा अमरगढी र सुडा) साना शहरी खानेपानी तथा सरसफाई आयोजनाहरू) खानेपानी उपभोक्ता संस्थालाई हस्तान्तरण भैसकेका छन भने ४ वटा (आँबुखैरनी, कटारी, लालबन्दी र तमसरिया) आयोजनाहरू Defect Liability Period (DLP) को अवस्थामा रहेका छन् त्यस्तै १ वटा आयोजना (विदुर साना शहरी खानेपानी तथा सरसफाई आयोजना) संचालन तथा मर्मत सम्भार अवधिमा रहेको छ ।

यसै कार्यक्रम अन्तर्गत प्रथम, दोस्रो र तेस्रो चरण अन्तर्गतका प्राविधिकरूपले समस्याग्रस्त आयोजनाहरू मध्ये १२ वटा आयोजनाहरूको सुधार एवम् स्तरोन्नतीका लागि आ.व. ०७७।७८ मा रू. ५ करोड ४४ लाख ४२ हजार ऋण लगानी गर्ने लक्ष्य गरिएकोमा रू. ४ करोड ८३ लाख ८९ हजार ऋण लगानी भई लक्ष्यको ८९ प्रतिशत प्रगति हासिल भएको छ । आयोजनाहरूको स्तारोन्नतीका लागि गरिएको यस लगानीले आयोजनामा देखिएको समस्याहरू न्यूनीकरण भई उपभोक्ताहरूलाई सहज ढङ्गबाट खानेपानी सेवा प्राप्त हुने तथा कोषको ऋण असुलीमा समेत सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ ।

तालिका नं. ३ तेस्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत आ.व. २०७७/७८ मा सम्पन्न आयोजनाहरू :


| सि.नं. | साना शहरी खानेपानी आयोजना | कूल लागत | न.वि.कोष (२५% ऋण) | नेपाल सरकार (७०% अनुदान) | उपभोक्ता संस्था (५%) | न.वि.कोष बाट आ.व. ०७७/७८ मा स्वीकृत रकम (भेरियसन तथा मूल्य समायोजन वापत) | आ.व. ०७७/७८ मा भएको लगानी (न.वि.कोष) | आयोजनामा कुल लगानी (न.वि.कोष) |
|---|---|---|---|---|---|---|---|---|
| १ | मुसिकोट, रूकुम | १५९,५७८,८६६ | ३९,८९४,७१७ | १११,७०५,२०६ | ७,९७८,९४३ | ४,२५८,००० | २,६३६,००० | ३८,०८३,१३८ |
| २ | छापनाला, डुम्रे, तनहुँ | १३५,३०५,४९३ | ३३,८२६,३७३ | ९४,७१३,८४५ | ६,७६५,२७५ | | ५,०३४,००० | ३३,८२६,३७३ |
| ३ | चन्द्रौटा, कपिलवस्तु | १३६,३२८,८२२ | ३४,०८२,२०६ | ९५,४३०,१७६ | ६,८१६,४४१ | २,६७०,००० | २,६७०,००० | ३४,०८२,२०४ |
| ४ | टिकापुर, कैलाली | ५२१,८६३,६१० | १३०,४६५,९०२ | ३६५,३०४,५२७ | २६,०९३,१८० | | १०,२०९,०४० | १२८,५०२,६३५ |
| ५ | रामनगर मिर्चैया, सिराहा | ४९१,६६०,४१८ | १२२,९१५,१०४ | ३४४,१६२,२९३ | २४,५८३,०२१ | २,६५६,००० | १८,२८९,७५४ | १२२,९१५,१०४ |
| ६ | महेन्द्रनगर चक्रघाटी, सुनसरी | २४१,१६३,४०६ | ६०,२९०,८५२ | १६८,८१४,३८४ | १२,०५८,१७० | ७,८६७,००० | ७,८६७,००० | ६०,२९०,८५१ |
| ७ | लालबन्दी, सर्लाही | ७९२,५३६,००० | १९८,१३४,००० | ५५४,७७५,२०० | ३९,६२६,८०० | | ८,६७६,६०७ | १९८,१३४,००० |
| ८ | कटारी, उदयपुर | ४५५,६६१,३०८ | ११३,९१५,३२७ | ३१८,९६२,९१६ | २२,७८३,०६५ | ४,६१०,००० | ६,७४५,००० | ११३,७५९,०१८ |
| ९ | बिदुर, नुवाकोट | ८८६,१३२,१५५ | २२१,५३३,०३९ | ६२०,२९२,५०९ | ४४,३०६,६०८ | १८,८२८,००० | २१,१९७,००० | २१६,९४७,१०५ |
| १० | निर्मलपोखरी, कास्की | ३४९,१७२,२०० | ८७,२९३,०५० | २४४,४२०,५४० | १७,४५८,६१० | ७,३०६,००० | ६,९२९,००० | ८६,९१६,१०० |
| ११ | बिरेन्द्रनगर, चितवन | २६०,९४९,१०० | ६५,२३७,२७५ | १८२,६६४,३७० | १३,०४७,४५५ | ५,०००,००० | | ६५,२३७,२७५ |
| १२ | तमसरिया, नवलपरासी | ३०७,८८१,५०० | ७६,९७०,३७५ | २१५,५१७,०५० | १५,३९४,०७५ | | ८,१४७,००० | ६२,२९५,७४५ |
| १३ | सुडा, कंचनपुर | ३३०,४९६,००० | ८२,६२४,००० | २३१,३४७,२०० | १६,५२४,८०० | | ९७८,००० | ८२,२४९,०५२ |
| १४ | अमरगढी, डडेल्धुरा | ३०१,८५९,००० | ७५,४६४,७५० | २११,३०१,३०० | १५,०९२,९५० | | ६,८५८,७६३ | ७५,२५७,१३५ |
| | जम्मा | ५,३७०,५८७,८७८ | १,३४२,६४६,९६९ | ३,७५९,४११,५१४ | २६८,५२९,३९४ | ५३,१९५,००० | १०६,२३७,१६४ | १,३१८,४९५,७३५ |



तालिका नं. ४ प्रथम, दोस्रो र तेस्रो चरण अन्तर्गतका प्राविधिकरूपले समस्याग्रस्त आयोजनाहरू सुधार एवम् स्तरोन्नतीका यस कार्यक्रम अन्तर्गत सम्पन्न आयोजनाहरू :

| सि.नं. | साना शहरी खानेपानी आयोजना | कूल लागत | नेपाल सरकार (७०% अनुदान) | न.वि.कोष (२५% ऋण) | उपभोक्ता संस्था (५%) लगानी | आ.व. ०७७/७८ को लगानी तथा हालसम्मको कूल लगानी |
|---|---|---|---|---|---|---|
| १ | बिर्तामोड, झापा | १८,३६६,००० | १२,८५६,२०० | ४,५९१,५०० | ९१८,३०० | ४,४४०,१६२ |
| २ | बेलबारी, मोरङ्ग | ७,४४६,००० | ५,२१२,२०० | १,८६१,५०० | ३७२,३०० | १,८६१,४९९ |
| ३ | विजुवार, प्यूठान | ३०,५४२,००० | २१,३७९,४०० | ७,६३५,५०० | १,५२७,१०० | ७,४६३,१२६ |
| ४ | वालिङ्ग, स्याङ्जा | ३२,०२८,००० | २२,४१९,६०० | ८,००७,००० | १,६०१,४०० | ८,००७,००० |
| ५ | महेन्द्रनगर, कंचनपुर | ११,७८६,००० | ८,२५०,२०० | २,९४६,५०० | ५८९,३०० | २,६५०,४०४ |
| ६ | खाँदवारी, संखुवासभा | ३८,४१९,००० | २६,८९३,३०० | ९,६०४,७५० | १,९२०,९५० | ६,८६३,७१३ |
| ७ | फिदिम, पाँचथर | ७,८२५,००० | ५,४७७,५०० | १,९५६,२५० | ३९१,२५० | १,९५६,२५० |
| ८ | दुहवी, सुनसरी | ८,५४३,००० | ५,९८०,१०० | २,१३५,७५० | ४२७,१५० | २,११२,४३२ |
| ९ | आर्दशनगर, कंचनपुर | १३,०७८,००० | ९,१५४,६०० | ३,२६९,५०० | ६५३,९०० | २,८४०,९७२ |
| १० | बैतडी | ११,१३४,००० | ७,७९३,८०० | २,७८३,५०० | ५५६,७०० | १,६०८,२१२ |
| ११ | खलंगा, सल्यान | १६,३६४,००० | ११,४५४,८०० | ४,०९१,००० | ८१८,२०० | ३,१७५,५८१ |
| १२ | टिकापुर, कैलाली | २२,२४०,००० | १५,५६८,००० | ५,५६०,००० | १,११२,००० | ५,४१०,२०८ |
| **जम्मा** | | २१७,७७१,००० | १५२,४३९,७०० | ५४,४४२,७५० | १०,८८८,५५० | ४८,३८९,५५९ |

## मधेश प्रदेशमा कोषको आयोजना सञ्चालन भएका नगरपालिका र साना शहरहरू



तालिका नं. ५ तेस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजना अवधिभर सम्पन्न आयोजनाहरू :

| सि.नं. | साना शहरी खानेपानी आयोजना | कूल लागत | नेपाल सरकार (७०% अनुदान) | उपभोक्ता संस्था (५%) | न.वि.कोष (२५% ऋण) | आयोजनामा कुल ऋण लगानी (न.वि.कोष) |
|---|---|---|---|---|---|---|
| १ | सुखवा महेन्द्रनगर, धनुषा | १२०,२०२,६५२ | ८४,१४१,८५६ | ६,०१०,१३३ | ३०,०५०,६६३ | २७,६४७,२५५ |
| २ | खलङ्गा, शितलपाटी | १५५,२६५,८७५ | १०८,६८६,११३ | ७,७६३,२९४ | ३८,८१६,४६९ | ३७,६६५,३१३ |
| ३ | मुसिकोट, रूकुम | १५९,५७८,८६६ | १११,७०५,२०६ | ७,९७८,९४३ | ३९,८९४,७१७ | ३८,०८३,१३८ |
| ४ | चारआली, झपा | २२२,२८५,९६० | १५५,६००,१७२ | ११,११४,२९८ | ५५,५७१,४९० | ५३,४७६,४०० |
| ५ | छापनाला, डुम्रे, तनहुँ | १३५,३०५,४९३ | ९४,७१३,८४५ | ६,७६५,२७५ | ३३,८२६,३७३ | ३३,८२६,३७३ |
| ६ | चन्द्रौटा, कपिलवस्तु | १३६,३२८,८२२ | ९५,४३०,१७६ | ६,८१६,४४१ | ३४,०८२,२०६ | ३४,०८२,२०४ |
| ७ | टिकापुर, कैलाली | ५२१,८६३,६१० | ३६५,३०४,५२७ | २६,०९३,१८० | १३०,४६५,९०२ | १२८,५०२,६३५ |
| ८ | रामनगर मिर्चैया, सिराहा | ४९१,६६०,४१८ | ३४४,१६२,२९३ | २४,५८३,०२१ | १२२,९१५,१०४ | १२२,९१५,१०४ |
| ९ | महेन्द्रनगर चक्रघाटी, सुनसरी | २४१,१६३,४०६ | १६८,८१४,३८४ | १२,०५८,१७० | ६०,२९०,८५२ | ६०,२९०,८५१ |
| १० | लालबन्दी, सर्लाही | ७९२,५३६,००० | ५५४,७७५,२०० | ३९,६२६,८०० | १९८,१३४,००० | १९८,१३४,००० |
| ११ | बाँबियाचौर, सुर्खेत | १५६,२२२,७०० | १०९,३५५,८९० | ७,८११,१३५ | ३९,०५५,६७५ | ३५,६१४,३१२ |
| १२ | कटारी, उदयपुर | ४५५,६६१,३०८ | ३१८,९६२,९१६ | २२,७८३,०६५ | ११३,९१५,३२७ | ११३,७५९,०१८ |
| १३ | आँबुखैरेनी, तनहुँ | १५९,८२१,३०० | १११,८७४,९१० | ७,९९१,०६५ | ३९,९५५,३२५ | ३९,९५५,३२३ |
| १४ | बिदुर, नुवाकोट | ८८६,१३२,१५५ | ६२०,२९२,५०९ | ४४,३०६,६०८ | २२१,५३३,०३९ | २१६,९४७,१०५ |
| १५ | निर्मलपोखरी, कास्की | ३४९,१७२,२०० | २४४,४२०,५४० | १७,४५८,६१० | ८७,२९३,०५० | ८६,९१६,१०० |
| १६ | बिरेन्द्रनगर, चितवन | २६०,९४९,१०० | १८२,६६४,३७० | १३,०४७,४५५ | ६५,२३७,२७५ | ६५,२३७,२७५ |
| १७ | तमसरिया, नवलपरासी | ३०७,८८१,५०० | २१५,५१७,०५० | १५,३९४,०७५ | ७६,९७०,३७५ | ६२,२९५,७४५ |
| १८ | सुडा, कंचनपुर | ३३०,४९६,००० | २३१,३४७,२०० | १६,५२४,८०० | ८२,६२४,००० | ८२,२४९,०५२ |
| १९ | अमरगढी, डडेल्धुरा | ३०१,८५९,००० | २११,३०१,३०० | १५,०९२,९५० | ७५,४६४,७५० | ७५,२५७,१३५ |
| २० | कठहरीया, रौतहट | १४१,८५३,००० | ९९,२९७,१०० | ७,०९२,६५० | ३५,४६३,२५० | २९,२३०,४५८ |
| जम्मा | | ६,३२६,२३९,३६५ | ४,४२८,३६७,५५५ | ३१६,३११,९६८ | १,५८१,५५९,८४१ | १,५४२,०८४,७९६ |



(फोटो नं. ३ : तेस्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत निर्माण सम्पन्न निर्मल पोखरी साना शहरी खानेपानी तथा सरसफाई आयोजनाको भौतिक संरचना)

## २.३ शहरी पूर्वाधार विकास आयोजना (Urban Infrastructure Develoment Project–UIDP)

बढ्दो शहरीकरण र पूर्वाधारहरूको विविधिकरणलाई मध्येजनर गरी नगरपालिकाहरूका निमित्त दिगो आम्दानीको स्रोत बन्न सक्ने शहरी पूर्वाधारका आयोजनामा नगरपालिकाको समेत लगानी र कोषवाट ऋण परिचालन हुने अवधारणामा आधारित यो कार्यक्रम नेपाल सरकारको ऋण सहयोगमा सञ्चालन भैरहेको छ ।

यस कार्यक्रममा विशेष गरी नगरपालिकाको वित्तीय अवस्था सुदृढ गराउन तथा स्थानीय आर्थिक विकासलाई सहयोग पुऱ्याउने आयोजनाहरूमा दीर्घकालीन ऋण परिचालन गर्ने रणनीति रहेको छ । कोषबाट गरिने ऋण लगानीबाट निर्मित आयोजनाहरूलाई दिगो र प्रतिफलमुखी बनाउनका लागि आयोजनाको छनौट, आयोजना लेखाजोखा, आयोजना अनुगमन तथा सुपरीवेक्षणको प्रभावकारी लगायतका व्यवस्था सहित कार्य सञ्चालन निर्देशिकाको ब्यवस्था गरिएको छ ।

आ.व. २०७७।७८ मा यस कार्यक्रम अन्तर्गत रू. ८५ करोड ५५ लाख लगानी गर्ने लक्ष्य राखिएकोमा रू. २९ करोड ३६ लाख लगानी भई लक्ष्यको ३४ प्रतिशत प्रगति भएको छ । यस आ.व. मा विभिन्न नगरपालिकाहरूमा शहरी पूर्वाधारका थप ७ वटा कोहलपुर वसपार्क, तुलसीपुर व्यावसायिक भवन, हेटौडा वस टर्मिनल, देको मिवा ईतापाके एकीकृत जग्गा विकास आयोजना, भिमेश्वर सातदोबाटो व्यावसायिक भवन, व्यास व्यावसायिक भवन र जलेश्वर वसपार्क आयमूलक आयोजनाका लागि रू. १ अर्व ३३ करोड १८ लाख ५५ हजार ऋण स्वीकृत गरिएको छ । यी आयोजनाहरूले नगरपालिकाको आय आर्जन तथा आर्थिक क्रियाकलापलाई गतिशील बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्नेछन् । यस कार्यक्रम अन्तर्गत हालसम्म स्वीकृत भएका १७ वटा आयोजनाहरू मध्ये ३ वटा आयोजनाहरू निर्माणको अन्तिम चरणमा रहेका छन् भने १४ वटा आयोजनाहरू निर्माणाधीन अवस्थामा रहेका छन् ।




*(फोटो नं. ४ : शहरी पूर्वाधार विकास आयोजना अन्तर्गत वुटवलमा निर्माण सम्पन्नको चरणमा रहेको व्यापारिक भवन)*

## नगर विकास कोषको आयोजना



## संचालन भएका नगरपालिका तथा साना शहरहरू

| विवरण | नगरपालिकाको संख्या | साना शहर खानेपानी र सरसफाई क्षेत्र परियोजनाको संख्या |
|---|---|---|
| प्रदेश नं. १ | २१ | २१ |
| मधेश प्रदेश | १७ | ६ |
| बागमती प्रदेश | १८ | १३ |
| गण्डकी प्रदेश | ७ | २३ |
| लुम्बिनी प्रदेश | १५ | १५ |
| कर्णाली प्रदेश | ३ | ६ |
| सुदूरपश्चिम प्रदेश | ७ | १३ |
| जम्मा | ८८ | १०० |



तालिका नं. ६ः आ.व. ०७७/७८ मा यस आयोजना अन्तर्गत चालु आयोजनाहरू :

| सि.न. | आयोजनाको नाम | कूल अनुमानित लागत | ठेक्का कबोल अंक | कोषको ऋण | आ.व. ०७७/७८ मा कोषको लगानी | कोषको आ.व. ०७७/७८ सम्मको लगानी |
|---|---|---|---|---|---|---|
| १ | हरिवन व्यावसायिक भवन | १७९,९१२,२९९ | १५८,५८९,६४८ | १२६,८७१,७१८ | ५६,०१८,८२३ | ९७,९८३,८८० |
| २ | लालबन्दी व्यावसायिक भवन | १०२,३२४,३०३ | ७२,४८४,६६५ | ५७,९८७,७३१ | १२,३९३,४२० | ४३,१८५,०३७ |
| ३ | लुम्बिनी वस टर्मिलनल परिसरमा व्याव;ायिक भवन विस्तार | १०८,४४१,००० | ७९,६४३,४५१ | ७१,६७९,१०६ | १,९०९,५४३ | ४२,५९७,२२४ |
| ४ | इलाम फन पार्क तथा चिल्ड्रेन पार्क | ४७,९००,००० | ४४,४७३,३७६ | ३१,१३१,३६३ | ९,१२१,१९७ | ९,१२१,१९७ |
| ५ | बागमती पार्क सहित रिसोर्ट | २३९,९१९,००० | १६८,९२०,७९० | ८४,४६०,३९४ | ३९,४४५,३७८ | ३९,४४५,३७८ |
| ६ | कमलामाई व्यापारिक भवन तथा सिटि हल | १६४,६८८,००० | ११०,२०८,१८५ | ७७,१४५,७२९ | ६,७९०,००० | ६,७९०,००० |
| ७ | वेलवारी सपिङ्ग कम्प्लेक्स तथा स्थानीय उत्पादन बजार | २००,९८०,००० | ११९,९८५,७१४ | ८३,९८९,९९९ | ७,२८०,००० | ७,२८०,००० |
| ८ | जिरी व्यापारिक भवन तथा स्थानीय उत्पादन केन्द्र | १०५,८०१,००० | ६६,६५३,०७६ | ४४,०९८,९७१ | १५,०९३,४३४ | १५,०९३,४३४ |
| ९ | लहान व्यावसायिक भवन | १५३,३३२,००० | ९५,४९१,९२२ | ७६,३९३,५३७ | ६,६००,००० | ६,६००,००० |
| १० | बिरेन्द्र सभा गृह, विराटनगर | २७७,९२५,००० | २३०,०३८,७०९ | ९२,०१५,४८३ | ८१४२९६२ | ८१४२९६२ |
| ११ | हेटैडा बसपार्क / टर्मिनल कम्पेक्स | ३४४,९९७,००० | ३४४,९९७,००० | २०६,९९८,२०० | ३६,०००,००० | ३६,०००,००० |
| १२ | कोहलपुर वसपार्क | ४६६,५३०,००० | २७८,४६६,६९५ | १६७,०८०,०१७ | ४४,८०९,३२० | ४४,८०९,३२० |
| १३ | देको मेवा इतापके जग्गा विकास आयोजना, भक्तपुर | २७३,६६२,००० | २७३,६६२,००० | २००,०००,००० | ५०,०००,००० | ५०,०००,००० |
| १४ | तुलसीपुर व्यावसायिक भवन | २८१७३९००० | खरिद प्रक्रियामा | १९७२१७३०० | - | - |
| १५ | ब्यास सपिङ्ग कम्प्लेक्स | २८८५४४००० | | २०१९८०८०० | - | - |
| १६ | जलेश्वर बसपार्क | १५२०९६००० | | ११४०७२००० | - | - |
| १७ | सातदोबाटो सपिङ्ग कम्प्लेक्स | १७५५५८००० | | १३१६६८५०० | - | - |
| **जम्मा** | | ३,५६४,३४८,६०२ | २,०४३,६१५,२३१ | १,९६४,७९०,८४८ | २९३,६०४,०७७ | ४०७,०४८,४३२ |




(फोटो नं. ५ : शहरी पूर्वाधार विकास आयोजना अन्तर्गत जिरी नगरपालिकामा निर्माणाधिन व्यावसायिक भवन)

तालिका नं. ७ : आ.व. ०७७/७८ मा यस आयोजना अन्तर्गत स्वीकृत आयोजनाहरू :

| सि न. | आयोजनाको नाम | कुल अनुमानित लागत | न.वि.कोष स्वीकृत ऋण रकम | नगरपालिका लगानी |
|---|---|---|---|---|
| १ | हेटैडा बसपार्क / टर्मिनल कम्पेक्स | ३४४,९९७,००० | २०६,९९८,२०० | १३७,९९८,८०० |
| २ | कोहलपुर वसपार्क | ४६६,५३०,००० | २७९,९१८,००० | १८६,६१२,००० |
| ३ | देको मेवा इतापके जग्गा विकास आयोजना, भक्तपुर | २७३,६६२,००० | २००,०००,००० | ७३,६६२,००० |
| ४ | तुलसीपुर व्यावसायिक भवन | २८१७३९००० | १९७२१७३०० | ८४५२१७०० |
| ५ | ब्यास सपिङ्ग कम्प्लेक्स | २८८५४४००० | २०१९८०८०० | ८६५६३२०० |
| ६ | जलेश्वर बसपार्क | १५२०९६००० | ११४०७२००० | ३८०२४००० |
| ७ | सातदोबाटो सपिङ्ग कम्प्लेक्स | १७५५५८००० | १३१६६८५०० | ४३८८९५०० |
| जम्मा | | १,९८३,१२६,००० | १,३३१,८५४,८०० | ६५१,२७१,२०० |

## बागमती प्रदेशमा कोषको आयोजना सञ्चालन भएका नगरपालिका र साना शहरहरू



## २.४ शहरी खानेपानी तथा सरसफाई (क्षेत्र) आयोजना

(Urban Water Supply and Sanitation Sector Project –UWSSSP)

एशियाली विकास बैंकको सहयोगमा नेपालका विभिन्न शहरहरूमा २० वटा सहआयोजना ब्यवस्थापन तथा संचालन, आयोजना ब्यवस्थापन कार्यालय, खानेपानी तथा ढल ब्यवस्थापन विभाग मार्फत हुने गरी सुरक्षित खानेपानी तथा सरसफाई सेवा उपलब्ध गराउन नगर विकास कोषवाट २५ प्रतिशत सम्म ऋण, उपभोक्तावाट ५ प्रतिशत र नेपाल सरकारवाट ७० प्रतिशत अनुदान लगानी गरी लागत असुली अवधारणमा संचालन भैरहेको छ । यस आयोजनाको कूल लगानी १७ करोड ८५ लाख अमेरिकी डलर मध्ये छनौट भएका २० वटा आयोजनाका लागि कोष मार्फत १ करोड ९० लाख अमेरिकी डलर (अर्थात करीव रू. १ अर्व ९० करोड) ऋण लगानी गरिने छ ।

आ.व. २०७७/७८ मा रू. ४८ करोड लगानी गर्ने लक्ष्य भएकोमा रू. ४८ करोड ३४ लाख लगानी भई लक्ष्यको १०१ प्रतिशत प्रगति भएको छ । आ.व. ०७७।७८ मा यस आयोजना अन्तर्गत थप ४ वटा खलङ्गा–दार्चुला, दधिकोट–भक्तपुर, शारदानगर जागृति–चितवन र कञ्चनरूप–सप्तरी खानेपानी तथा सरसफाई आयोजनाका लागि रू. ४३ करोड ३१ लाख ५७ हजार बराबरको ऋण सम्झौता भएको छ । हाल यस कार्यक्रम अन्तर्गत १५ वटा आयोजनाहरू चालु अवस्थामा रहेका छन् ।

तालिका नं. ८ः आ.व. ०७७/७८ मा यस आयोजना अन्तर्गत स्वीकृत आयोजनाहरूः

| क्र.सं. | आयोजनाको नाम | आयोजनाको लागत | नेपाल सरकार (७०% अनुदान) | न.वि.कोष (२५% ऋण) | उपभोक्ता संस्था (५% अनुदान) |
|---|---|---|---|---|---|
| १ | खलंगा शहरी खानेपानी तथा सरसफाई आयोजना | २९२,६६६,००० | २०४,८६६,२०० | ७२,३०५,००० | १४,६३३,३०० |
| २ | दधिकोट शहरी खानेपानी तथा सरसफाई आयोजना | ५८६,४४८,००० | ४१०,५१३,६०० | १४६,६१२,००० | २९,३२२,४०० |
| ३ | शारदानगर शहरी खानेपानी तथा सरसफाई आयोजना | ३३४,१६६,०५८ | २३३,९१६,२४१ | ८३,५४१,५१५ | १६,७०८,३०३ |
| ४ | कंचनरूप शहरी खानेपानी तथा सरसफाई आयोजना | ४३९,६५३,००० | ३०७,७५७,१०० | १०९,९१३,२५० | २१,९८२,६५० |
| जम्मा | | १,६५२,९३३,०५८ | १,१५७,०५३,१४१ | *४१२,३७१,७६५ | ८२,६४६,६५३ |

** ऋण सम्झौता रकम*



*(फोटो नं. ६ : शहरी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत पाँचखाल खानेपानी आयोजनाको निर्माणाधिन भौतिक संरचना)*

तालिका नं. ९ : आ.व. ०७७/७८ मा यस आयोजना अन्तर्गत चालु अवस्थामा रहेका आयोजनाहरू:

| सि. न. | आयोनाको नाम | आयोजनाको लागत | नेपाल सरकार (७०% अनुदान) | न.वि. कोष (२५% ऋण) | उपभोक्ता संस्था (५% लगानी) | आ.व. ०७७/७८ को लगानी | आ.व. ०७७/७८ सम्मको लगानी |
|---|---|---|---|---|---|---|---|
| १ | चरिकोट साना शहरी खानेपानी तथा सरसफाई आयोजना | ७१८,२३५,६३४ | ५०२,७६४,९४४ | १७९,५५८,९०९ | ३५,९११,७८२ | ५२,६८१,५५९ | ११६,८५५,७६७ |
| २ | सिलुचुङ्ग साना शहरी खानेपानी तथा सरसफाई आयोजना | ४९७,९९८,३७१ | ३४८,५९८,८६० | १२४,४९९,५९३ | २४,८९९,९१९ | २६,४१४,७२७ | ८१,६३६,७३५ |
| ३ | इलाम साना शहरी खानेपानी तथा सरसफाई आयोजना | ५७९,५०७,००० | ४०५,६५४,९०० | १४४,८७६,७५० | २८,९७५,३५० | २५,९५१,२२९ | ९३,२११,६७६ |
| ४ | रम्बाखोला माझखोला साना शहरी खानेपानी तथा सरसफाई आयोजना | २२५,५५८,८७९ | १५७,८९१,२१६ | ५६,३८९,७२० | ११,२७७,९४४ | १९,०३०,५२८ | ३४,३८८,६१० |
| ५ | चैनपुर साना शहरी खानेपानी तथा सरसफाई आयोजना | २१७,३०९,००० | १५२,११६,३०० | ५४,३२७,२५० | १०,८६५,४५० | ११,९९७,४३० | २६,००८,९०४ |
| ६ | लिवाङ्ग साना शहरी खानेपानी तथा सरसफाई आयोजना | ३१५,२४२,९४६ | २२०,६७०,०६३ | ७८,८१०,७३७ | १५,७६२,१४७ | १९,०४५,८८४ | ४६,७४३,२६७ |
| ७ | शुभघाट साना शहरी खानेपानी तथा सरसफाई आयोजना | ६२४,८९२,७१५ | ४३७,४२४,९०१ | १५६,२२३,१७९ | ३१,२४४,६३६ | २६,४९०,७०२ | ९५,१५९,०८३ |
| ८ | प्रगतिनगर साना शहरी खानेपानी तथा सरसफाई आयोजना | २९४,९९६,००० | २०६,४९७,२०० | ७३,७४९,००० | १४,७४९,८०० | २३,६७६,१७४ | ४२,८७३,७८६ |
| ९ | सिद्धनाथ बैजनाथ शहरी खानेपानी तथा सरसफाई आयोजना | २०९,४४१,३१० | १४६,६०८,९१७ | ५२,३६०,३२७ | १०,४७२,०६५ | ११,९९४,९७२ | २८,७६८,८०२ |
| १० | पाँचखाल शहरी खानेपानी तथा सरसफाई आयोजना | १,३३५,४३४,००० | ९३४,८०३,८०० | ३३३,८५८,५०० | ६६,७७१,७०० | ११८,१४८,१४३ | १४६,९६५,१४३ |
| ११ | हुप्से देउराली शहरी खानेपानी तथा सरसफाई आयोजना | ७७९,४९०,००० | ५४५,६४३,००० | १९४,८७२,५०० | ३८,९७४,५०० | १०२,८४५,६२१ | ११९,६४५,६२१ |
| १२ | खलंगा शहरी खानेपानी तथा सरसफाई आयोजना | २९२,६६६,००० | २०४,८६६,२०० | ७२,३०५,००० | १४,६३३,३०० | १८,३०३,५६४ | १८,३०३,५६४ |
| १३ | दधिकोट शहरी खानेपानी तथा सरसफाई आयोजना | ५८६,४४८,००० | ४१०,५१३,६०० | १४६,६१२,००० | २९,३२२,४०० | ११,५००,००० | ११,५००,००० |
| १४ | शारदानगर शहरी खानेपानी तथा सरसफाई आयोजना | ३३४,१६६,०५८ | २३३,९१६,२४१ | ८३,५४१,५१५ | १६,७०८,३०३ | ६,४६२,१७६ | ६,४६२,१७६ |
| १५ | कंचनरूप शहरी खानेपानी तथा सरसफाई आयोजना | ४३९,६५३,००० | ३०७,७५७,१०० | १०९,९१३,२५० | २१,९८२,६५० | ८,८६३,८७५ | ८,८६३,८७५ |
| | **जम्मा** | ७,४५१,०३८,९१४ | ५,२१५,७२७,२४० | १,८६१,८९८,२२९ | ३७२,५५१,९४६ | ४८३,४०६,५८४ | ८७७,३८७,००९ |



*(फोटो नं. ७ : शहरी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत सारदानगर खानेपानी आयोजनाको निर्माणाधिन भौतिक संरचना)*

## २.५ कोषको स्व:पूँजी (ईक्विटी) बाट सञ्चालित कार्यक्रमहरू:

### १) खानेपानी तथा सरसफाई उपभोक्ता संस्था तर्फ

एशियाली विकास बैंकको सहयोगमा ७० वटा साना शहरहरूमा व्यवस्थित तथा सुरक्षित खानेपानी तथा सरसफाई आयोजनाको सफल कार्यान्वयन र यसको प्रभावकारीतालाई मध्येनजर गरी थप साना शहरहरूमा खानेपानी आपूर्तिका आयोजनाहरू संचालनका लागि कोषवाट बढीमा २५ प्रतिशत ऋण लगानी, उपभोक्तावाट ५ प्रतिशत नगद योगदान र नेपाल सरकारवाट ७० प्रतिशत अनुदान लगानी हुने अवधारणामा यो आयोजना संचालनमा रहेको छ । यस आयोजना अन्तर्गत आ.व. २०७७।७८ मा कोषको इक्वीटी पूँजीवाट रू. २२ करोड लगानी गर्ने लक्ष्य राखिएकोमा रू. ९ करोड २७ लाख ९१ हजार लगानी भई लक्ष्यको ४२ प्रतिशत प्रगति भएको छ भने ५ वटा नयाँ सहलगानी खानेपानीका आयोजनाहरू (उर्लावारी, प्रवास, टन्की सिनवारी, अत्तरिया तथा जुटपानी) का लागि रू. १७ करोड ९८ लाख ऋण स्वीकृत गरिएको छ । आ.व. ०७७।७८ सम्म यस कार्यक्रम अन्तर्गत सञ्चालनमा रहेका १६ वटा सह लगानी खानेपानी आयोजनाका लागि रू. ३१ करोड ८३ लाख ऋण लगानी गरिसकिएको छ ।

तालिका नं. १०: आ.व. ०७७/७८ मा यस कार्यक्रम अन्तर्गत चालु आयोजनाहरू:

| क्र.सं. | आयोजनाको नाम | आयोजनाको लागत | नेपाल सरकार (७०% अनुदान) | न.वि.कोष (२५% ऋण) | उपभोक्ता संस्था (५% लगानी) | आ.व. ०७७।७८ को लगानी | आ.व. ०७७।७८ सम्मको लगानी |
|---|---|---|---|---|---|---|---|
| १ | पर्सा खानेपानी तथा सरसफाई आयोजना, चितवन | १६७,०६९,००० | ११६,९४८,३०० | ४१,७६७,२५० | ८,३५३,४५० | - | २६,११०,५८७ |
| २ | पर्वत खानेपानी तथा सरसफाई आयोजना बेनी | १६१,६२५,००० | ११३,१३७,५०० | ४०,४०६,२५० | ८,०८१,२५० | - | १९,६०६,७६७ |
| ३ | विन्दवासिनी खानेपानी तथा सरसफाई आयोजना, भक्तपुर | १३५,१९३,००० | ९४,६३५,१०० | ३३,७९८,२५० | ६,७५९,६५० | - | २०,६२६,६७० |
| ४ | कपासेटार खानेपानी तथा सरसफाई आयोजना | २२९,६४६,००० | १६०,७५२,२०० | ४५,९२९,२०० | २२,९६४,६०० | - | २८,४९३,९०८ |
| ५ | बाग्लुङ्ग खानेपानी तथा सरसफाई आयोजना | ३०२,६५१,००० | २११,८५५,७०० | ७५,६६२,७५० | १५,१३२,५५० | २१,६२९,७३८ | ४९,७७७,४९३ |
| ६ | लेखनाथ खानेपानी तथा सरसफाई आयोजना | १८१,७२२,००० | १२७,२०५,४०० | ४५,४३०,५०० | ९,०८६,१०० | ५,५०८,५५१ | २६,७५४,१८९ |
| ७ | वेंशीशहर खानेपानी तथा सरसफाई आयोजना | १६५,९२७,००० | ११६,१४८,९०० | ४१,४८१,७५० | ८,२९६,३५० | २,३३८,६१४ | ४१,४८१,७५० |
| ८ | अत्तरिया सहलगानी खानेपानी तथा सरसफाई आयोजना | १३१,९८८,००० | ९२,३९१,६०० | २६,३९७,६०० | १३,१९८,८०० | २,३२०,००० | २,३२०,००० |
| ९ | वयरघारी खानेपानी तथा सरसफाई आयोजना | ७२,१८४,००० | ५०,५२८,८०० | १४,४३६,८०० | ७,२१८,४०० | ३,९३१,६१६ | ८,७७६,३२० |
| १० | नारायणी खानेपानी तथा सरसफाई आयोजना | १०४,४०१,००० | ७३,०८०,७०० | २६,१००,२५० | ५,२२०,०५० | १२,२६९,८६० | २१,७४३,६११ |
| ११ | उर्लाबारी खानेपानी तथा सरसफाई आयोजना | १७७,२२१,००० | १२४,०५४,७०० | ४४,३०५,२५० | ८,८६१,०५० | २१,२४६,५०४ | २१,२४६,५०४ |
| १२ | प्रभास खानेपानी तथा सरसफाई आयोजना | ११७,१५७,००० | ८२,००९,९०० | १४,९९६,०९६ | २०,१५१,००४ | ८,७३२,७५७ | ८,७३२,७५७ |
| १३ | टंकी सिनवारी खानेपानी तथा सरसफाई आयोजना | २७५,५४०,००० | १९२,८७८,००० | ५५,१०८,००० | २७,५५४,००० | १२,८०८,६९४ | १२,८०८,६९४ |
| १४ | जुटपानी खानेपानी तथा सरसफाई आयोजना | १९१,४४३,००० | १३४,०१०,१०० | ३८,२८८,६०० | १९,१४४,३०० | १,९७५,००० | १,९७५,००० |
| | **जम्मा** | २,४१३,७६७,००० | १,६८९,६३६,९०० | ५४४,१०८,५४६ | १८०,०२१,५५४ | ९२,७६१,३३४ | २९०,५३४,२५० |

तालिका नं. ११: आ.व. ०७७/७८ मा यस कार्यक्रम अन्तर्गत सम्पन्न आयोजनाहरू:

| क्र.सं. | आयोजनाको नाम | आयोजनाको लागत | नेपाल सरकार (७०% अनुदान) | न.वि. कोष (२५% ऋण) | उपभोक्ता संस्था (५% लगानी) | आ.व. ०७७/७८ को लगानी | आ.व. ०७७/७८ सम्मको लगानी |
|---|---|---|---|---|---|---|---|
| १ | पर्सा खानेपानी तथा सरसफाई आयोजना, चितवन | १०८,५८५,००० | ७६,००९,५०० | २७,१४६,२५० | ८,३५३,४५० | - | २६,१९०,५८७ |
| २ | पर्वत खानेपानी तथा सरसफाई आयोजना बेनी | १६१,६२५,००० | ११३,१३७,५०० | ४०,४०६,२५० | ८,०८१,२५० | - | १९,६०६,७६७ |
| ३ | विन्दवासिनी खानेपानी तथा सरसफाई आयोजना, भक्तपुर | १३५,१९३,००० | ९४,६३५,१०० | ३३,७९८,२५० | ६,७५९,६५० | - | २०,६२६,६७० |
| ४ | कपासेटार खानेपानी तथा सरसफाई आयोजना | २२९,६४६,००० | १६०,७५२,२०० | ४५,९२९,२०० | २२,९६४,६०० | - | २८,४९३,९०८ |
| ५ | लेखनाथ खानेपानी तथा सरसफाई आयोजना | १८१,७२२,००० | १२७,२०५,४०० | ४५,४३०,५०० | ९,०८६,१०० | ५,५०८,५५१ | २६,७५४,१८९ |
| ६ | वेंशीशहर खानेपानी तथा सरसफाई आयोजना | १६५,९२७,००० | ११६,१४८,९०० | ४१,४८१,७५० | ८,२९६,३५० | २,३३८,६१४ | ४१,४८१,७५० |
| ७ | प्रभास खानेपानी तथा सरसफाई आयोजना | ११७,१५७,००० | ८२,००९,९०० | १४,९९६,०९६ | २०,१५१,००४ | ८,७३२,७५७ | ८,७३२,७५७ |
| जम्मा | | २,३५५,२८३,००० | १,६४८,६९८,१०० | ५२९,४८७,५४६ | १७७,०९७,३५४ | ९२,७६१,३३४ | २९०,५३४,२५० |





*(फोटो नं. ८. सहलगानी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत प्रवास खानेपानी आयोजनाको लागि कोष र प्रवास खानेपानी तथा सररसफाई उपभोक्ता संस्था बीच ऋण सम्झौता कार्यक्रम)*

तालिका नं. १२ : आ.व. ०७७/७८ मा यस कार्यक्रम अन्तर्गत स्वीकृत आयोजनाहरू:

| क्र.सं. | आयोजनाको नाम | आयोजनाको लागत | नेपाल सरकार (७०% अनुदान) | न.वि. कोष (२५% ऋण) | उपभोक्ता संस्था (५% लगानी) |
|---|---|---|---|---|---|
| १ | अत्तरिया सहलगानी खानेपानी तथा सरसफाई आयोजना | १३१,९८८,००० | ९२,३९१,६०० | २६,३९७,६०० | १३,१९८,८०० |
| २ | उर्लाबारी खानेपानी तथा सरसफाई आयोजना | १७७,२२१,००० | १२४,०५४,७०० | ४४,३०५,२५० | ८,८६१,०५० |
| ३ | प्रभास खानेपानी तथा सरसफाई आयोजना | ११७,१५७,००० | ८२,००९,९०० | १४,९९६,०९६ | २०,१५१,००४ |
| ४ | टंकी सिनवारी खानेपानी तथा सरसफाई आयोजना | २७५,५४०,००० | १९२,८७८,००० | ५५,१०८,००० | २७,५५४,००० |
| ५ | जुटपानी खानेपानी तथा सरसफाई आयोजना | १९१,४४३,००० | १३४,०१०,१०० | ३८,२८८,६०० | १९,१४४,३०० |
| | **जम्मा** | ८९३,३४९,००० | ६२५,३४४,३०० | *१७९,०९५,५४६ | ८८,९०९,१५४ |

** ऋण सम्झौता रकम*

## गण्डकी प्रदेशमा कोषको आयोजना सञ्चालन भएका नगरपालिका र साना शहरहरू



**(२) नगरपालिकाहरू तर्फ :**

i) मझौला शहर एकीकृत शहरी वातावरणीय सुधार आयोजना (Secondary Towns Integrated Urban Environmental Improvement Project- STIUEIP) डिसेम्वर २०१९ देखि समाप्त भैसकेको भए पनि यस कार्यक्रम अन्तर्गत सञ्चालित काभ्रे उपत्यका (वनेपा, धुलिखेल र पनौती नगरपालिका) मा सञ्चालित एकीकृत खानेपानी आयोजना सम्पन्न हुन बाँकी अवस्थामा रहेकोले आयोजनालाई सम्पन्न गर्न नगरपालिका, नेपाल सरकार तथा कोषबाट बजेट व्यवस्था गरी आयोजनालाई सम्पन्न गर्ने सहमति भए अनुरुप नगरपालिकाबाट कोषमा यस आयोजनाका लागि थप ऋण माग गरे अनुसार आ.व.२०७७।७८ मा रू. १६ करोड २ लाख लगानी गर्ने लक्ष्य राखिएकोमा रू. १ करोड ८० लाख लगानी भई लक्ष्यको १३ प्रतिशत प्रगति भएको छ ।

ii) एकीकृत शहरी विकास आयोजना (Integrated Urban Development Project, IUDP) डिसेम्वर २०१९ देखि समाप्त भैसकेको भए पनि यस कार्यक्रम अन्तर्गत धरान नगरपालिकामा सञ्चालित वातावरणीय सुधार तथा खानेपानी व्यवस्था सम्बन्धी आयोजना पूर्णरूपमा सम्पन्न हुन बाँकी अवस्थामा रहेकोले कोषको रू. ६२ करोड ऋण लगानी रहेको यस आयोजनालाई सम्पन्न गर्न कोषबाट ऋण लगानीका लागि आ.व.२०७७।७८ मा रू. १ करोड ७० लाख ऋण लगानी गर्ने लक्ष्य राखिएकोमा नगरपालिकाबाट आयोजनामा थप ऋण लगानीका लागि माग नगरिएकोले यस आयोजना अन्तर्गत लगानी हुन सकेन ।

**(३) शहरी विकास कार्यक्रम (Urban Development Programme- UDP):**

शहरी पूर्वाधारको क्षेत्रमा कोषको लगानीलाई विविधिकरण गर्ने उद्देश्य राखी नवप्रवर्तक र नविनतम आयोजनाहरूलाई प्रोत्साहन तथा प्रवर्द्धन गर्नका लागि कोषको ईक्वीटी पूँजिवाट Multi-Level Car Parking, Vehicle Washing Centre, Smart Street light Project, Agriculture project, Land Pooling जस्ता आयोजनाहरूमा आ.व.२०७७।७८ मा रू. ४९ करोड ४३ लाख लगानी गर्ने लक्ष्य राखिएको थियो । शहरी पूर्वाधारका क्षेत्रमा उल्लेखित आयोजनाहरू नयाँ अवधारणाका भएका र सम्भावित विभिन्न नगरपालिकाहरूसँग आयोजनाको अवधारणामा अन्तरक्रिया र आयोजनाको विस्तृतरूपमा अध्ययन गर्नुपर्ने भएकोले आ.व. ०७७।७८ मा वित्तीयरूपमा लक्ष्य अनुसार लगानी हुन सकेन ।

आ.व. ०७७।७८ मा कोषले काठमाण्डौं, ललितपुर, भक्तपुर, वनेपा, वुटवल, विरंगज नगरपालिकाहरूसँग Multistory Car Parking /Land Pooling/Vehicle Washing Center आयोजनाहरूमा लगानी विस्तार गर्नका लागि छलफल प्रारम्भ गरी वनेपा, वुटवल, विरग्ञज नगरपालिकाहरूमा बहुतले पार्किङ्ग आयोजनाको विस्तृत अध्ययनका लागि परामर्शदाता छनौटको प्रक्रिया अगाडी बढाईयो । त्यसैगरी सैनामैना, धुनीवेशी जग्गा विकास आयोजनाहरूको कोषबाट प्रारम्भिक अध्ययन प्रतिवेदन तयार गरियो ।

**(४) सार्वजनिक नीजि साझेदारी कार्यक्रम (Public Private Partnership Programme) :**

स्थानीय तहहरूलाई पूर्वाधार निर्माणका लागि ठूलो धनरासी आवश्यक भैरहेको वर्तमान अवस्थामा कोषबाट समेत सार्वजनिक तथा नीजि क्षेत्रसँगको सहकार्य, साझेदारी र सहभागितालाई प्रबर्द्धन गर्ने उद्देश्यले आ.व ०७७।७८ मा यस कार्यक्रम अन्तर्गत शहरी पूर्वाधारका आयोजनाहरूमा रू. १० करोड लगानी गर्ने लक्ष्य राखिएको थियो । राष्ट्रिय स्तर तथा कोषको विद्यमान ऐनमा समेत सार्वजनिक नीजि साझेदारीमा लगानी सम्बन्धी पर्याप्त कानूनी तथा नीतिगत व्यवस्था नभएका कारण यस अवधारणामा आयोजना विकास तथा निर्माण कार्यले गति लिन नसक्दा यस कार्यक्रम अन्तर्गत वित्तिय प्रगति हुन सकेन ।


भिमदत्त न.पा.को कञ्चनमल, दमक न.पा. को व्यावसायिक भवन, दुहवी न.पा. को दुवही वाटर पार्क सार्वजनिक नीजि साझेदारी अवधारणा वमोजिम अगाडी बढाउनका लागि PPP Expert बाट अध्ययन गराई भिमदत्त कञ्चनमल आयोजना सार्वजनिक नीजि साझेदारी अवधारणामा आगामी आ.व.मा अगाडि बढाउने योजना रहेको छ ।

**(५) दिगो शहरी यातायात कार्यक्रम (Sustainable Urban Transport Programme)**

काठमाण्डौ उपत्यकामा बढ्दै गईरहेको शहरीकरण तथा जनसङ्ख्या बृद्धि र त्यो सँगसँगै चुनौतिपूर्ण बन्दै गएको

सार्वजनिक यातायात प्रणालीलाई दिगो र ब्यवस्थित गर्ने उद्देश्यले कोषमा रहेको "दिगो शहरी यातायात कोष" बाट आयोजनाको विकास तथा तयारीका लागि रू. १ करोड लगानी गर्ने लक्ष्य राखिएको थियो । आ.व. ०७७।७८ मा बेलका नगरपालिकामा विद्युतीय सार्वजनिक यातायात सञ्चालन सम्बन्धी आयोजना विकास गर्ने क्रममा रहेको छ । काठमाण्डौ उपत्यकामा सार्वजनिक यातायात प्रणालीको रूपान्तरणकारी आयोजना विद्युतिय वस (Electrical Bus Rapid Transit (eBRT) को आवधारणा सहित काठमाण्डौ उपत्यकामा Rute 1: Ring Road, Route 2: Suryabinayak to Ratnapark एवं Radial Routes (within Kathmandu Ring Road) मा विद्युतिय वस (Electrical Bus Rapid Transit (eBRT) आयोजनाको विकास हरित जलवायु कोष (Green Climate Fund (GCF) को स्रोत परिचालन गर्नेगरी कोषबाट तयार पारिएको उक्त आयोजना सम्बन्धी अवधारणा पत्र प्रमुख साझेदारहरू नेपाल लगानी बोर्ड, काठमाण्डौ महानगरपालिका, ललितपुर महानगरपलिका, सडक विभाग, विद्युत प्राधिकरण र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसँग छलफल भई सैद्धान्तिक सहमती र शहरी विकास मन्त्रालयमा आवश्यक छलफल गरी अर्थ मन्त्रालयबाट GCF मा पठाउने तयारीमा रहेको छ ।

## लुम्बिनी प्रदेशमा कोषको आयोजना सञ्चालन भएका नगरपालिका र साना शहरहरू



# ३. नगर विकास कोष र अन्तर्राष्ट्रिय संघ संस्थाको सहकार्यमा संञ्चालित कार्यक्रमहरु

### ३.१ नेपाल उर्जा दक्षता कार्यक्रम-तेस्रो चरण (Nepal Energy Efficiency Programme-III Phase) कार्यक्रम

नेपाल सरकार र संघीय गणतन्त्र जर्मनी सरकार बीचको दुईपक्षीय सम्झौता बमोजिम नेपालमा ऊर्जा दक्षता प्रबर्द्धन गर्न सन् २०१० देखि नेपाल ऊर्जा दक्षता कार्यक्रम संचालनमा रहेको छ । नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय मातहत संचालनमा रहेको सो कार्यक्रमको दोस्रो चरण देखि नै सार्वजनिक पुर्वाधारहरूमा उर्जा दक्षताको बजार प्रबर्द्धन गर्ने उद्देश्यका साथ नगर विकास कोष आबद्ध रहदै आएकोमा नेपाल ऊर्जा दक्षता कार्यक्रमको तेस्रो चरणमा नगर विकास कोषको लगानी रहेका सार्वजनिक आयोजनाहरूमा ऊर्जा दक्षता सम्बन्धी विभिन्न कार्यक्रम संचालन भै आ.व. ०७७।७८ देखि यो कार्यक्रम सम्पन्न भएको छ ।

यस कार्यक्रमबाट नगर विकास कोषबाट ऋण लगानी भएका सार्वजनिक पूर्वाधारहरूमा ऊर्जा दक्षताको बजार प्रवर्द्धन लगायत किफायति र दक्षताका साथ ऊर्जाको प्रयोग गरि आयोजनाको संचालन खर्चलाई कटौती गर्ने र वातावरण संरक्षणमा समेत मद्दत पुग्न गएको छ । यस कार्यक्रमलाई सार्वजनिक पूर्वाधारहरूमा ऊर्जा दक्षताको प्रबर्द्धन तथा विकासको लागि साझेदारी निकायहरू संगको सहकार्यमा ऊर्जा ब्यवस्थापन योजना तयार गरि कार्यान्वयन तहसम्म पुऱ्याईएको थियो ।

आ.व. ०७७/७८ मा ऊर्जा दक्षता प्रबर्द्धन र क्षमता विकासको अभिप्रायले विभिन्न क्षमता विकासका कार्यक्रमहरू सफलताका साथ संचालन भएको थियो भने कोषद्वारा लगानी गरिएका र लगानी गरिने सार्वजनिक पूर्वाधारहरूको उर्जा दक्षता सम्बन्धी अभिमुखीकरण कार्यक्रम, प्राविधिक क्षमता अभिबृद्धि, उर्जा अडिट, उर्जा व्यवस्थापन योजना तथा उर्जा दक्षता सम्बन्धी क्षेत्रगत (Street Light, Water Pumping Station, Public Building) निर्देशिका तयार गर्ने कार्य सम्पन्न गरिएको थियो ।

### ३.२ संयुक्त राष्ट्र पूँजी विकास कोष संगको सहकार्य (United Nations Capital Development Fund-UNCDF Cooperation)

स्थानीय तह/नगरपालिका र नगर विकास कोष समेतको वित्तीय व्यवस्थान क्षमता विकास गरी पुर्बाधार बिकासका लागि पुँजीगत लगानीका विभिन्न नविनतम बिधिहरू अबलम्बन गर्नका निमित्त नगर विकास कोष र संयुक्त राष्ट्र पूँजी विकास कोष (UNCDF) बीच आवश्यक सहकार्यको लागि मिति २५ मंसीर २०७४ (11 December 2017) मा समझदारी भई साझेदारी कार्यक्रमको २ वर्ष अवधि सम्पन्न भई थप दुई वर्षका लागि दातृ संस्था UNCDF र कोष बीच सम्झौता भई कार्यान्वयनको चरणमा रहेको छ ।

सहभागी १५ वटा नगरपालिकाहरूमा शहरी पूर्वाधार विकासमा पूँजीगत लगानीका लागि आयोजना विकास तर्जुमा, व्यवस्थापन तथा राजस्व अभिवृद्धिका साथसाथै नगर विकास कोषलाई शहरी पूर्वाधार विकास निगममा स्पान्तरण गर्न आवश्यक संस्थागत विकासका निमित्त संयुक्त राष्ट्र पुँजी विकास कोषबाट प्राप्त प्राविधिक सहयोग परिचालन भैरहेको छ ।

आ.व. ०७७।७८ मा कोष शहरी पूर्वाधार विकास निगममा रूपान्तरणको चरणमा रहेकोले कोषको संस्थागत विकासका लागि UNCDF को प्राविधिक सहयोगलाई

शहरी पूर्वाधार विकास निगम रूपान्तरणमा सहयोग पुर्‍याउने गरी परिमार्जन सहित समझदारी गरियो । क्षेत्रिय एवम् स्थानीयस्तरमा आर्थिक बृद्धिको महत्वपूर्ण उपकरणको रूपमा रहेको Sub National Debt को अवधारणालाई राष्ट्रियस्तरमा स्थापित गर्नका लागि Sub National Det Policy Paper तयार गर्नमा समेत UNCDF को प्राविधिक सहयोगलाई परिचालन गरिनुको साथै नगर विकास कोषलाई निगममा रूपान्तरण गर्नका लागि आवश्यक संस्थागत तयारीका लागि कोषको Organizationl Capacity Assesstment (OCA) र O & M Study अध्ययनका लागि परामर्शदाता नियुक्ति भई अध्ययन कार्य समेत अगाडि बढाईएको छ ।


### ३.३ नगरपालिका बित्त व्यवस्थापन तथा क्षमता विकास (Municipal Finance and Capacity Building) कार्यक्रम

युरोपियन युनियनको वित्तीय सहयोगमा सञ्चालित नगरपालिका वित्त व्यवस्थापन तथा क्षमता विकास कार्यक्रम (MFCB) को मुख्य उद्देश्य नगरपालिकाहरु र नगर विकास कोषको वित्तीय क्षमता अभिवृद्धि तथा स्थानीय आर्थिक विकास र जलवायु सम्बर्द्धन गर्ने पूर्वाधार निर्माणका नविनतम लगानी विधि अपनाउने क्षमताको विकास गर्ने रहेको छ । यो कार्यक्रम १५ वटा नगरपालिकाहरु (भद्रपुर, मेचीनगर, इटहरी, धरान, जनकपुर, हरिवन, हेटौडा, धुलिखेल, गोरखा, तानसेन, बुटवल, तुल्सीपुर, वीरेन्द्रनगर, धनगढी र भीमदत्त) मा सञ्चालन भएको छ ।

नगरपालिका बित्त व्यवस्थापन तथा क्षमता विकास (Municipal Finance and Capacity Building) कार्यक्रमको लागि ३१ डिसेम्बर २०१८ मा नगर विकास कोष र युरोपियन युनियन बीच सम्झौता भई यो कार्यक्रम जनवरी २०२३ सम्म संचालनमा रहनेछ ।

आ.व. ०७७।७८ मा MBCB कार्यक्रमले निर्दिष्ट गरेका कार्यक्रमहरूलाई परिणामुखी र प्रभावकारी बनाई २ वर्ष भित्र सम्पन्न गर्ने लक्ष्य सहित पूर्व निर्धारित क्रियाकलापहरूमा संशोधन गरी संशोधित क्रियाकलापहरूको EU बाट स्वीकृती लिने कार्य सम्पन्न गरिएको छ भने आयोजना कार्यान्वयन इकाई (PIU) छुट्टै भवनमा सञ्चालन सहित Project Coordinator र PME Expert को नियुक्ति सम्पन्न भएको छ । आ.व. ०७७।७८ मा कोषको व्यावसायिक योजना, कार्यसञ्चालन प्रक्रिया, आयोजना विकास तथा मूल्याङ्कनका साथै नगरपालिकाहरूको सम्भावित पूर्वाधार विकास कार्यक्रमहरूका सम्बन्धमा छलफल गर्ने उद्देश्यले ५ वटा प्रदेश सुदूर पश्चिम प्रदेश, कर्णाली प्रदेश, लुम्बिनी प्रदेश, गण्डकी प्रदेश र प्रदेश १ अन्तर्गतका १७१ न.पा. हरूको सहभागितामा प्रादेशिक कार्यशाला गोष्ठी सम्पन्न गरियो जसबाट कोषको व्यवसाय प्रबर्द्धनका साथै विभिन्न नगरपालिकाहरूबाट प्रस्तावित आयोजनाहरूबाट आयोजना बैंक तयार गर्न मद्दत पुगेको छ । सहभागी १५ वटा नगरपालिकाहरूको आयोजना विकास शासकीय क्षमता, लगायत राजस्व अभिबृद्धि लगायतका कार्यक्रमहरू सञ्चालनमा रहेका छन् ।

**कर्णाली प्रदेशमा कोषको आयोजना सञ्चालन भएका नगरपालिका र साना शहरहरू**



## ३.४ हरित जलवायु कोष (Green Climate Fund)

हरित जलवायु कोषले राष्ट्रहरूको हरित गृह ग्याँस उत्सर्जन न्युनीकरण तथा जलवायु परिवर्तन अनुकूल विकासमा सहयोग गर्ने उद्देश्य लिएको छ । यस हरित जलवायु कोष अन्तर्गत नगर विकास कोषमार्फत् जलवायु परिवर्तन अनुकुलन तथा न्युनीकरणका अमेरिकी डलर ५० देखि २५० मिलियनसम्मका ठूला आयोजनाहरूमा अनुदान, सरल ऋण र ग्यारेन्टीका रूपमा वित्तीय स्रोत परिचालन गर्न सकिने अवसर प्राप्त हुनेछ ।

नगर विकास कोषले हरित जलवायु कोष (GCF) को मान्यता (Accreditation) प्राप्त गरी हरित जलवायु कोषको वित्तीय स्रोत प्रादेशिक सरकार र स्थानीय तहसँगको सहकार्यमा जलवायु परिवर्तन अनुकूलन र न्युनीकरणका आयोजनाहरू (विद्युत्तीय सार्वजनिक यातायात, ऊर्जा दक्षता, सौर्य ऊर्जा, सिमसार संरक्षण तथा व्यवस्थापन, बहुउद्देश्यीय जल भण्डारण आदि पुर्वाधार विकासमा ऋण तथा अनुदान परिचालन गर्ने लक्ष्य लिएको छ ।

Green Climate Fund (GCF) मा कोषलाई मानक संस्था (Accreditation Institution) का रूपमा स्थापित गर्ने कार्यको प्रथम चरण सम्पन्न भै दोस्रो चरणको प्रक्रियामा रहेको छ ।

आ.व. ०७७/७८ मा कोषले CGF को स्रोत परिचालन गर्नेगरी अर्थ मन्त्रालयबाट स्वीकृत Country Program Pipeline मा रहेका Green Buses: Large Scale Deployment of Electric Buses in Kathmandu Valley / National Financing Vehicle to Boost the Emergence of Nepal's Green Economy जस्ता ठूला आयोजनाहरूको तयारी गरिरहेको छ । काठमाण्डौ उपत्यकामा विद्युतिय सार्वजनिक यातायात (e-BRT) सञ्चालनका लागि तयार गरेको अवधारणापत्रमा राष्ट्रिय योजना आयोग, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभाग यातायात व्यवस्था विभाग, नेपाल बिद्युत प्राधिकरण, काठमाण्डौं म.न.पा र ललितपुर म.न.पा.सँग छलफल भई सैद्धान्तिक सहमती र शहरी विकास मन्त्रालयमा आवश्यक छलफल गरी अर्थ मन्त्रालयबाट GCF मा पठाउने तयारीमा रहेको छ ।

जलवायु अनुकूलन तथा न्यूनिकरणका आयोजनाहरूको विकासका लागि सोही क्षेत्रमा अनुभव प्राप्त अन्तर-सरकारी अन्तर्राष्ट्रिय सङ्गठन International Inter-Government Organization (Global Green Growth Institute–GGGI) र कोष बीच प्राविधिक सहयोगका लागि MoU समेत गरिएको छ ।



*(फोटो नं. १२ काठमाण्डौ उपत्यकामा विद्युतिय सार्वजनिक यातायात (e-BRT) सञ्चालनका लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा माननीय मन्त्री श्री बसन्त कुमार नेम्वाङ्ज्यूको उपस्थितिमा छलफल कार्यक्रम)*

# ४. संस्थागत विकास, व्यवसाय प्रबर्द्धन तथा जनशक्ति व्यवस्थापन

कोष शहरी पूर्वाधार विकास निगममा रूपान्तरणको चरणमा रहेसंगै कोषको संस्थागत विकास, शहरी पूर्वाधार क्षेत्रमा कोषको लगानी क्षेत्रलाई ब्यापक तथा प्रभावकारी बनाउन व्यावसाय प्रबर्द्धन र कोषको ४ वर्षे (आ.व. ०७७।७८ देखि ०८०।८१) व्यावसायिक योजनाले निर्दिष्ट गरेका लक्ष्यहरूको प्राप्तिका निम्ति कोषको जनशक्ति व्यवस्थापनतर्फ आ.व. ०७७।७८ मा प्राप्त उपलब्धी तथा भएका प्रयासहरूलाई देहाय वमोमिज संश्लेषण गरिएकोछ :

**(क) संस्थागत विकासतर्फ:**

- आ.व. ०७७।७८ को नीति, कार्यक्रम तथा बजेटमा कोषलाई रू. २० अर्वको पूँजी संरचना सहित "शहरी पूर्वाधार विकास निगम" को रूपमा पर्नुसंरचना गरी शहरी पूर्वाधार निर्माणका लागि आवश्यक पर्ने पूँजी परिचालन गर्ने संस्थाको रूपमा विकास गरिने नीति तथा कार्यक्रम रहेसंगै "शहरी पूर्वाधार विकास निगम ऐन" को मस्यौदा शहरी विकास मन्त्रालयमा आवश्यक छलफल पश्चात् प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालयमा पेश गर्ने चरणमा रहेको छ ।
- कोषको उद्देश्य अनुसार लगानीका लागि आवश्यक पर्ने रकमको व्यवस्था गरी कोषमा बचत हुन जाने रकमलाई प्रतिफलमुखी र विविधिकरण गर्न स्पष्ट नीतिगत व्यवस्थाका लागि "लगानी निर्देशिका, २०७७" स्वीकृत गरी लागू गरिएको ।
- कार्यक्रमहरूको प्रभावकारी अनुगमन तथा मूल्याङ्कन व्यवस्थाका लागि विभाग, महाशाखा शाखा अर्न्तगत प्रत्येक कार्यक्रमहरूको सम्वन्धित पदाधिकारी जिम्मेवारी रहने गरी परिमाण मापन सुचक निर्धारण सहित अनुगमन तथा मूल्याङ्कन ढाँचा तयार गरी मासिकरूपमा समिक्षा एव्म मूल्याकंन गरिएको ।
- कोषले गरेको ऋण लगानी प्रभावकारीरूपमा असुली गर्नका लागि ऋण असुली विनियमावली, २०७८ को मस्यौदा तयार गरिएको ।
- कोषबाट गरिने लगानीका स्रोतहरू– नेपाल सरकार, कोषको ईक्विटी तथा अन्य बाह्य स्रोतहरू प्रभावकारीरूपमा परिचालन गर्नका लागि विभिन्न नविनतम लगानीका विधीहरू अवलम्वन गर्नेगरी "पूर्वाधार लगानी विनियमावली" को मस्यौदा तयार गरिएको ।
- विद्यमान वित्तीय परिचालन पूँजि स्रोतका अलवा वैकल्पिक स्रोत म्यूनिसिपल बोण्ड/डेभलपमेण्ट बोण्डहरूको सम्भावित अध्ययनका लागि कार्ययोजना तयार गरी कार्यान्वयनको चरणमा रहेको ।
- कोष शहरी पूर्वाधार विकास निगममा रूपान्तरणको क्रममा संस्थागत विकासका लागि तयारी गर्ने आधार वर्षकारूपमा कार्य गर्ने नीति वमोजिम कोषको कार्य प्रभावकारी एवं व्यवस्थित बनाउन खानेपानी महशुल सिफारिस निर्देशिका, जोखिम व्यवस्थापन निर्देशिका, अनुगमन तथा मूल्यांकन निर्देशिका, सार्वजनिक नीजि साझेदारी निर्देशिका, जग्गा व्यवस्थापन निर्देशिका जस्ता महत्वपूर्ण दस्तावेजहरूको मस्यौदा तयार गर्ने कार्य सम्पन्न गरिएको ।
- कोषको कार्यलाई पूर्ण डिजिटल प्रणालीमा लैजानका लागि कोषको व्यवस्थापन सूचना प्रणाली र कम्प्युटरीकृत लेखा प्रणालीको सुचना तथा सञ्चार प्रबिधि कार्य सम्पन्न भएको ।
- संयुक्त राष्ट्र सङ्घीय पूँजी विकास कोषको प्राविधिक सहयोगमा नगर विकास कोषलाई निगममा रूपान्तरण गर्नका लागि आवश्यक संस्थागत तयारीका लागि कोषको O & M Study र Organizationl Capacity Assesstment (OCA) अध्ययनको कार्य भैरहेको ।

- नगरपालिकाहरूको क्षमता अभिबृद्धिका लागि २८ वटा नगरपालिकाका ७० जना इन्जिनियर तथा सब ईन्जिनियरहरूका लागि भर्चुअल माध्यबाट खरिद तथा करार व्यवस्थापन (Procurement and Contract Management) सम्बन्धी तालिम संचालन गरिएको ।

**(ख) व्यावसाय प्रबर्द्धनतर्फ:**

- कोषको व्यावसायिक योजना, कार्यसञ्चालन प्रक्रिया, आयोजना विकास तथा मूल्याङ्कन प्रणालीलाई स्थानीय तहहरूमा पुरयाउने उद्देश्यले ५ प्रदेशहरू सुदूर पश्चिम प्रदेश, कर्णाली प्रदेश, लुम्बिनी प्रदेश, गण्डकी प्रदेश र प्रदेश १ अन्तर्गतका १७१ न.पा. हरूको सहभागितामा प्रादेशिक कार्यशाला गोष्ठी सम्पन्न गरिएको । यस कार्यक्रमले कोषको व्यवसाय प्रबर्द्धनका साथै विभिन्न नगरपालिकाहरूबाट प्रस्तावित आयोजनाहरूबाट आयोजना बैंक तयार भएको ।
- राष्ट्रिय शहरी नीति र शहरी पूर्वाधार विकास रणनीतिका आधारमा कोषको लगानी क्षेत्रलाई व्यापक तथा प्रभावकारी बनाउनका लागि शहरी पूर्वाधार विकास आयोजनाहरूमा लगानी विस्तार गर्नका लागि रू. ५ अर्व ऋणको स्रोत सुनिश्चितताका लागि अर्थ मन्त्रालयमा प्रस्ताव पेश भई आगामी आ.व.का लागि नेपाल सरकारबाट अपेक्षितरूपमा ऋण प्राप्त हुने आधार तयार भएको ।
- संयुक्त राष्ट्र पूँजी विकास कोष (United Nations Capital Development Fund-UNCDF Cooperation) प्राविधिक सहयोगमा क्षेत्रिय एवम् स्थानीयस्तरमा आर्थिक बृद्धिको महत्वपूर्ण उपकरणको रूपमा रहेको Sub National Debt को अवधारणालाई राष्ट्रियस्तरमा स्थापित गर्नका लागि Sub National Debt Policy Paper तयार गरिएको ।
- सम्भावित विभिन्न बहुपक्षीय, द्विपक्षीय, अन्तराष्ट्रिय दातृ निकायहरू तथा अन्य सङ्घ सस्थाहरूको स्रोत प्राप्ति तथा परिचालनका लागि Asian Infrastructure Investment Bank (AIIB) मा Non Sovereign Debt Financing का लागि प्रस्ताव पेश गरिएको ।
- सार्वजानिक नीजि साझेदारी (PPP) र मिश्रित लगानी (Blended Finance) को अवधारणामा कोषले लगानी गर्ने उद्देश्य अनुसार भिमदत्त न.पा.को व्यावसायिक भवन (कञ्चन मल) सार्वजनिक नीजि साझेदारी अवधारणामा अगाडी बढाउनका लागि विज्ञबाट लगानीको संरचना सम्बन्धी आवश्यक अध्ययन गराईएको ।

**(ग) जनशक्ति व्यवस्थापनतर्फ:**


- कोषको स्वीकृत संगठन संरचना अनुसारका दरवन्दीमा प्रशासन, वित्त र प्राविधिक गरी तीन समूहका विभिन्न तहमा आवश्यक संख्यामा स्थायी, सेवा करार र विज्ञपरामर्शदाता कर्मचारीहरू कार्यरत रहेका छन् । यस आर्थिक वर्षमा नगर विकास कोषमा कोषको प्रशासकिय प्रमुखको रूपमा कार्यकारी तहमा १ जना कार्यकारी निर्देशक, विभिन्न सेवाका व्यवस्थापन श्रेणी, तह-९ मा ४ जना उप प्रबन्धक, विभिन्न सेवाका वरिष्ठ अधिकृत तह-८ मा १ जना, विभिन्न सेवामा अधिकृत स्तर, तह-६ र ७ मा १६ जना र विभिन्न सेवाका सहायक स्तरमा १३ जना गरी जम्मा २७ जना स्थायी रूपमा कार्यत छन साथै श्रेणी विहिन सहयोगी स्तरमा १२ जना सेवा करारमा कार्यरत छन् ।
- कोषको ४ वर्षे व्यावसायिक योजनाले निर्दिष्ट गरेका नीति, लक्ष्य तथा कार्यक्रमहरूको आधारमा कोषको सञ्चालक समिति र कायकारी निर्देशक बीच कार्य सम्पादन करार भएको । कोषका कर्मचारीहरूको कार्य विवरण अद्यावधिक गरी सोही वमोजिम जिम्मेवारी तोकिएको ।
- कोषको स्वीकृत दरवन्दी अनुसार प्रशासन, प्राविधिक तथा वित्ततर्फको उप–प्रबन्धक तहमा ३ वटा पदमा बढुवाद्वारा पदपूर्ति गरिएको । कोषमा रिक्त रहेको २ निर्देशक पदमा पदपूर्तिको प्रक्रिया अगाडी बढाउन सञ्चालक समितिबाट स्वीकृत भएको ।
- एशियाली विकास बैंक मार्फत कोषलाई प्राप्त संस्थागत विकास सहयोग अन्तर्गत विभिन्न क्षेत्रका ६ जना विशेषज्ञ कोषमा परामर्श सेवा अन्तर्गत कार्यरत छन् भने युरोपियन युनियनको वित्तिय सहयोगमा नगरपालिकाहरूका वित्त तथा क्षमता विकास कार्यक्रम अन्तर्गत आयोजना (Project Coordinator) र योजना, अनुगमन तथा मूल्यांकन

विज्ञ (PME Expert) को नियुक्ति भई अन्य १३ जना विषय विज्ञहरू कार्यरत रहेको ।

**(घ) राष्ट्रिय, अन्तराष्ट्रिय दातृ संस्था एवम् संघ सस्थासंगको सहकार्यतर्फः**

- कोषको संस्थागत विकासका लागि संयुक्त राष्ट्र पूजी विकास कोष संगको सहकार्य (United Nations Capital Development Fund-UNCDF Cooperation) को प्राविधिक सहयोगलाई शहरी पूर्वाधार विकास निगम रूपान्तरणमा सहयोग पुऱ्याउने गरी परिमार्जन सहित समझदारी पत्र (MoU) मा हस्ताक्षर गरिएको ।
- जलवायु अनुकूलन तथा न्यूनिकरणका आयोजनाहरूको विकासका लागि सोही क्षेत्रमा अनुभव प्राप्त अन्तर-सरकारी अन्तर्राष्ट्रिय सङ्गठन (International Inter-Government Organization) Global Green Growth Institute–GGGI र कोष बीच प्राविधिक सहयोगका लागि समझदारी पत्र (MoU) मा हस्ताक्षर गरिएको ।
- कोषको कार्यक्षेत्रसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँगको सञ्जाल निर्माण गर्ने तथा प्राविधिक सहयोग परिचालन गर्नका लागि City Net तथा CDIA संग कोषको सदस्यता प्राप्त गर्नेतर्फ प्रक्रिया अगाडि बढाईएको ।
- कोष र National Society for Earthquake Technology-Nepal (NSET) बीच पूर्वाधारका आयोजनाहरूमा विपद् तथा जोखिम न्यूनिकरणका लागि प्राविधिक सहयोग आदान प्रदानका लागि समझदारी पत्र (MoU) मा हस्ताक्षर गरिएको ।

## सुदूर पश्चिम प्रदेशमा कोषको आयोजना सञ्चालन भएका नगरपालिका र साना शहरहरू



# ५. अनुगमन तथा मुल्याङ्कन

कोषको आ.व. ०७७।७८ को वार्षिक निति, कार्यक्रम तथा बजेट अनुसारको लक्ष्य तथा कार्यक्रमहरूको अनुगमन तथा मुल्याङ्कन विभिन्न चरणमा गर्ने गरी Performance Monitoring Framework (PMF) मा सुचकहरू निर्धारण गरी मासिक रूपमा PMF का आधारमा कार्यकारी निर्देशक तहमा र त्रैमासिक रूपमा मन्त्रालय स्तरीय समीक्षा गरी आवश्यक राय सुझाव लिई मुल्याङ्कन गर्ने गरिएको छ । कोषले सोही आ.व.का लगानी लक्ष्य तथा ऋण असुली लक्ष्य अनुसार आयोजनाहरूको समयमा गुणस्तरिय रूपमा समयमा भौतिक प्रगति भए वा नभएको तथा तत्काल समस्या समाधान आदिका लागि शहरी पुर्वाधारका आयोजना तथा खानेपानी तथा सरसफाई क्षेत्रका आयोजनाहरूको कोषका विभिन्न तहका अधिकारीवाट स्थलगत सुपरीवेक्षण तथा अनुगमन गर्ने गरिएको छ । साथै विभिन्न समयमा दातृ-निकायका प्रतिनिधिको मिसनमा पनि अनुगमन तथा मुल्याङ्कन गरी समिक्षा सहित सुधार गर्ने गरिएको छ । यस आ.व. मा कोषबाट ऋण लगानी, ऋण असुली, आयोजनाको प्रगति, आयोजनाको छनौट, तयारी आदि उद्देश्यका लागि गोरखा, भिमेश्वर, बाग्लुङ्, व्यास, नेपालगंज, कोहलपुर, कटहरिया, मौलापुर, विरगंज, वुटवल, भेरीगंगा, मिर्चैया लगायतका नगरपालिकाहरू तथा टंकी सिनवरी, विदुर, वर्दिवास, कंचनरूप, शारदानगर, इलाम, फिदिम, कटारी लगायतका साना शहरहरूमा स्थलगत अनुगमन गरिएको छ ।

कोषले शहरी पूर्वाधार विकासका विभिन्न क्षेत्रमा लगानी गरेको आयोजनाको उद्देश्य अनुसार लक्षित समुदायहरू लाभान्वित भए वा नभएको, प्रतिफल पाप्त भए वा नभएको, सेवा प्रवाहको तथा आयोजनाको संचालन तथा ब्यवस्थापनको प्रभावकारी सम्बन्धमा तथा कोषको लगानीले पुर्वाधार विकास तथा आर्थिक क्षेत्रमा गरेको योगदानको मुल्याङ्कन गर्ने कार्य अगाडी बढाईएको छ ।

साथै दातृ निकाय के. एफ. डब्लु. को सहयोगमा संचालित नगर विकास कार्यक्रम दोस्रो तथा तेस्रो चरण यसै आ.व. मा समाप्त भएकोले उक्त कार्यक्रमको मुल्याङ्कन प्रतिवेदन दातृ निकायको तर्फबाट तयार गरिएको छ ।





# ६. कोषको वित्तीय अवस्था

नगर विकास कोषले आ.व. २०७८।७९ मा १०२ वटा पूर्वाधारका आयोजनाहरू र १५ वटा अध्ययन तथा अनुसन्धानका आयोजना कार्यान्वयनका लागि नेपाल सरकार, एशियाली विकास बैंकको वित्तिय स्रोत तथा कोषको स्वपूँजी समेत परिचालन गर्ने गरी रू.२ अर्व ७५ करोड २४ लाख ऋण तथा अनुदान लगानी गर्ने लक्ष्य लिएको थियो ।

कोषबाट लगानी भएका आयोजनाहरूबाट व्यबस्थित यातायात सेवा संचालन, एउटै स्थानबाट व्यावसायिक क्रियाकलापका सेवा प्रदान, फलफुल तथा तरकारी बजारको सहज पहुँच, जग्गा व्यबस्थापन, बहुतले कार पाकिङ्ग आदि शहरी सुविधाहरू प्रदान गर्नेगरी सम्बन्धित क्षेत्रका शहरी वासिन्दा लावान्वित भएका छन् । साथै खानेपानी तथा सरसफाई क्षेत्रका आयोजनाबाट साना शहरहरूका उपभोक्ताहरूलाई खानेपानी आपूर्ति सहज र सरल रूपमा प्राप्त भई राखेको छ ।

आ.व. २०७७।७८ मा पनि COVID -19 को प्रभावलाई नेपाल सरकारको स्वास्थ्य मापदण्ड पालन गर्दै वार्षिक क्रियाकलापहरू संचालन गरिएतापनि कुल विनियोजन बजेट खर्च हुन सकेको छैन । जसमा COVID -19 को असरसंगै आयोजना तयारी तथा प्रस्तावित निर्माण हुने आयोजनाको जग्गा, कानूनी रूपमा लगानी योग्य हुन वा संभावित निकायबाट सहमति लिने प्रकृयामा लामो समय लागेकाले लक्ष्य अनुसारको लगानी कम हुन गएको छ । अतः आयोजना कार्यान्वयनमा देखिएका यि विविध समस्याहरूलाई मध्येनजर राख्दै आगामि वर्षहरूमा कार्य योजना बनाई कार्यान्वयन गरिने छ ।

## ६.१ आयोजनाहरूमा ऋण तथा अनुदान लगानीः

आ.व. २०७७।७८ का लागि तय गरिएका विभिन्न कार्यक्रम तथा आयोजनाहरूका लागि नेपाल सरकार, दातृ निकाय तथा कोषको आफ्नो पूँजी कोष समेतको परिचालन गरी जम्मा रू. १५ करोड ३० लाख अनुदान तथा रू. २ अर्व ६७ करोड ७० लाख २४ हजार ऋण गरी कुल रू. २ अर्व ७५ करोड २४ हजार लगानी गर्ने लक्ष्य राखिएकोमा आ.व. ०७७।७८ मा कोषबाट रू. १ अर्व १४ करोड ४३ लाख ऋण र ७ करोड १७ लाख ६६ हजार अनुदान गरी जम्मा रू. १ अर्व २१ करोड ६१ लाख ६ हजार लगानी भएको छ ।

## ६.२ ऋण असुली :

कोषको ऋण असुलीमा प्रभावकारिता ल्याउनका लागि विगतमा गरिएका लगानीहरूलाई समय सीमा भित्र साँवा ब्याज सहित प्राप्त गर्न सुधारात्मक कार्यहरू अगाडी बढाउँदै कोषले आ.व. २०७७।७८ मा असुल हुनुपर्ने साँवा तथा व्याज गरी जम्मा रू. १ अर्व २३ करोड ६८ लाख प्राप्त गर्ने लक्ष्य राखिएकोमा रू. ७२ करोड ५ लाख (लेखापरिक्षण हुन बाँकी) असुल भएको छ ।

## ६.३ ऋण भुक्तानीः

कोषले विभिन्न दातृ निकायको सहयोगमा सञ्चालित कार्यक्रम तथा आयोजनाहरुका लागि नेपाल सरकारबाट प्राप्त भएको ऋणको साँवा तथा ब्याज वापत आ.व. ०७७।७८ मा रू. २२ करोड ५९ लाख ८३ हजार भुक्तानी गर्ने लक्ष्य रहेकोमा २१ करोड ८ लाख ८८ हजार भुक्तानी गरिएको छ ।

## ६.४ आम्दानीः

कोषको व्यवसाय सञ्चालनवाट हुने नियमित आम्दानी र संस्थागत विकासका लागि प्राप्त हुने अनुदान आम्दानी समेतवाट वित्तीय विवरण अनुसार आ.व. २०७७।७८ मा

कुल रू. ६३ करोड ८४ लाख ८७ हजार आम्दानी हुने अनुमान गरिएकोमा जम्मा रू. ५६ करोड १५ लाख २६ हजार आम्दानी हुन गएको छ

## ६.५ कूल सञ्चालन खर्चः

आ.व. २०७७/७८ मा कोषको व्याज खर्च, कर्मचारी खर्च, कार्यालय सञ्चालन खर्च, व्यवसाय प्रवर्द्धन, प्राविधिक सहयोग तथा परामर्श सेवा खर्च, संस्थागत विकास कार्यक्रम खर्च तथा गैर सञ्चालन खर्च गरी कुल खर्च गरी रू. २८ करोड ५१ लाख १७ हजार हुने अनुमान गरिएकोमा कूल रू. १९ करोड १० लाख २४ हजार खर्च हुन गएको छ ।

## ६.६ वचतः

आ.व. ०७७।७८ कुल आम्दानी रू. ६३ करोड ८४ लाख ८७ हजार भई २८ करोड ५१ लाख १७ हजार कूल खर्च भई रू. ३५ करोड ३३ लाख ७० हजार वचत हुने र उक्त वचत रकमबाट रू. १० करोड कर तिर्ने लक्ष्य राखी खुद वचत रू. २५ करोड ३३ लाख ७० हजार हुने अनुमान गरिएकोमा प्रारिम्भक वित्तीय विवरण नुसार वास्तविक कुल आम्दानी रू. ५६ करोड १५ लाख २६ हजार, कुल खर्च रू. १९ करोड १० लाख २४ हजार र वचत रू. ३७ करोड ५ लाख २ हजार भई अनुमानको १०४ प्रतिशत प्रगति हुन गएको छ । उक्त वचतमा कर वापत रू. ११ करोड ४३ लाख ७५ हजार तिरी रू. २५ करोड ६१ लाख ५७ हजार वचत हुन गएको छ ।

## ६.७ पूँजी बृद्धिः

आ.व. ०७७।७८ सम्ममा कोषको वास्तविक पूँजी रू. ५ अर्व ८८ करोड ३३ लाख ५६ हजार भएकोमा कोषको व्यावसायिक योजना (२०७७/७८-२०८०/८१) तथा आ.व. २०७७।७८ का लागि प्रस्तावित नीति, कार्यक्रम तथा आयोजनाहरूको कार्यान्वयन पश्चात् कोषको पूँजीमा

रू. ४५ करोड ९२ लाख ४९ हजार थप हुने अनुमान गरिएकोमा कोषको प्रारम्भिक वित्तीय विववरण अनुसार आ.व. ०७७।७८ मा रू. ३९ करोड ९३ लाख ७ हजार थप भई कोषको कूल पूँजी रू. ६ अर्व २८ करोड ५६ लाख ६३ हजार पुगेको छ ।

कोषले वित्तीय विवरणहरू नेपाल वित्तीय प्रतिवेदन मान अनुसार तयार गर्ने भएकोले यी आँकडाहरू परिवर्तन हुन सक्छन् ।



# तालिका नं. १३ : आ.व. २०७७/७८ को अनुदान तथा ऋण लगानी लक्ष्य तथा प्रगति

| सि.नं | स्रोत | कार्यक्रम/आयोजना | लक्ष्य (लगानी) | | प्रगति (लगानी) | | जम्मा | प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | अनुदान | ऋण | अनुदान | ऋण | | | |
| १ | नेपाल सरकार तथा वैदेशिक स्रोत | | | | | | | | |
| १.१ | के.एफ.डब्ल्यू. | नगर विकास कार्यक्रम दोस्रो तथा तेस्रो चरण (TDFP II and III-KFW) | ६३,००० | ११७,००० | ५१,६७२ | १०१,९३० | १५३,६०२ | ८५% | |
| | | नेपाल सरकार म्याचिङ्ग अनुदान | २०,००० | | १८,०५२ | - | १८,०५२ | ९०% | |
| | | नेपाल सरकार अनुदान (अध्ययन तथा अनुसन्धान परामर्श सेवा) | ३०,००० | | २,०४२ | | २,०४२ | ७% | |
| १.२ | एशियाली विकास बैंक | तेस्रो साना सहरी खानेपानी तथा सरसफाई आयोजना (STWSSSP-III) | | २००,००० | | १०६,२३७ | १५४,६२६ | ७७% | |
| | | प्रथम, दोस्रो र तेस्रो चरण अन्तर्गतका प्राविधिकरुपले समस्याग्रस्त १२ वटा आयोजनाहरुको सुधार एवं स्तरोन्नती कार्यक्रम | | | | ४८,३८९ | | | |
| १.३ | एशियाली विकास बैंक | सहरी खानेपानी तथा सरसफाइ आयोजना (UWSSSP) | | ४८०,००० | | ४८३,४०७ | ४८३,४०७ | १०१% | |
| १.४ | नेपाल सरकार (ऋण) | शहरी पूर्वाधार विकास आयोजना (UIDP) | | ८५५,५०० | | २९३,६०४ | २९३,६०४ | ३४% | |
| | | जम्मा | ११३,००० | १,६५२,५०० | ७१,७६६ | १,०३३,५६७ | १,१०५,३३३ | ६३% | |
| २ | न.वि.कोष ईक्विटी कोष | | | - | | | | | |
| २.१ | शहरी बिकास कार्यक्रम (चक्रिय कोष) | | | ४९४,३०० | - | - | | | |
| २.२ | सह लगानी कार्यक्रम (नगरपालिका तथा साना सहरी खानेपानी आयोजना ) | | | ३८०,२२४ | | ११०,७७३ | ११०,७७३ | २९% | |
| २.३ | दिगो शहरी यातायात | | | १०,००० | | - | - | - | |
| २.४ | सार्वजनिक निजी साझेदारी कार्यक्रम | | | १००,००० | | - | - | - | |
| | जम्मा न.वि.कोष ईक्विटी (TDF Equity) | | | ९८४,५२३.८० | - | ११०,७७३.०० | ११०,७७३ | ११% | |
| | कुल जम्मा लगानी | | ११३,००० | २,६३७,०२४ | ७१,७६६ | १,१४४,३४० | १,२१६,१०६ | | |
| | कुल जम्मा लगानी | | | २,७५०,०२४ | | | १,२१६,१०६ | ४४% | |

# तालिका नं. १४ : आ.व. २०७७/७८ को ऋण असुली लक्ष्य तथा प्रगति

| सि.नं | कार्यक्रम | २०७७ आषाढ मसान्तसम्मा ऋण बाँकी | २०७७ आषाढ मसान्तसम्मा उठाउन बाँकी | | | आ.व. २०७७/७८ मा उठाउनु पर्ने | | | २०७८ आषाढ मसान्तसम्ममा उठाउन पर्ने | | | | आ.व. २०७७/७८ को असुली प्रगती | | | प्रगती % |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क | गत बर्ष निकासा भएका आयोजनाहरु | | सांवा | ब्याज | जम्मा | सांवा | पूँजीकृत वाहेकको ब्याज | पूँजीकृत ब्याज सहितको जम्मा | सांवा | ब्याज | पूँजीकृत ब्याज सहितको जम्मा | पूँजीकृत ब्याज वाहेकको जम्मा | सांवा | ब्याज | जम्मा | |
| १ | नगर विकास कार्यक्रम - दोस्रो चरण (के.एफ.डब्लु.) | २५६५०४ | १००८५ | ४६१० | १४६९५ | २२४४९ | २१३४३ | ४३७९२ | ३२५३४ | २५९५३ | ५८४८७ | ५८४८७ | ३४८३७ | २४८८३ | ५९७२० | १०२% |
| २ | नगर विकास कार्यक्रम - तेस्रो चरण (के.एफ.डब्लु.) | ५४२२५३ | -२१३८८ | ५२६० | -१६१२८ | ३७७१४ | ३४६११ | ७२३२५ | १६३२६ | ३९८७१ | ५६१९७ | ५६१९७ | ५३४०८ | ३८९२७ | ९२३३५ | १६४% |
| ३ | शहरी वातावरण सुधार आयोजना (ए.डि.वी) | ८०५७८ | १००३५ | ६१०६ | १६१४१ | १३८६० | ६१२१ | १९९८१ | २३८९५ | १२२२६ | ३६१२२ | ३६१२२ | १३९९८ | ९२२२ | २३२२१ | ६४% |
| ४ | प्रथम चरण साना शहरी खानेपानी तथा सरसफाई आयोजना (ए.डी.बी. ) | ४३७३१४ | ११३९०३ | ६०५५८ | १७४४६१ | ४६०२१ | २९८२० | ७५८४१ | १५९९२४ | ९०३७८ | २५०३०२ | २५०३०२ | ७८४० | २४०७८ | ३१९१७ | १३% |
| ५ | साना शहरी खानेपानी तथा सरसफाई आयोजना (प्रथम चरण (पुनःनिर्माण आयोजना) | २५०४३४ | २०२७७ | १०९८४ | ३१२६१ | २८२५५ | १२४३४ | ४०६८९ | ४८५३२ | २३४१८ | ७१९५० | ७१९५० | १८३९६ | १०३४४ | २८७४० | ४०% |
| ६ | सहरी शासकीय क्षमता विकास कार्यक्रम ( विश्व बैंक ऋण) | १५३४०९ | -२०७० | १९८४ | -८७ | ८०३० | ७५७१ | १५६०१ | ५९५९ | ९५५५ | १५५१४ | १५२९८ | ९६९३ | ९४७१ | १९१६४ | १२५% |
| ७ | नगर विकास कार्यक्रम –चक्रीय कोष (आन्तरिक) | ५४३३४ | -१२६७ | २१६३ | ८९६ | ८३०७ | ४१८१ | १२४८७ | ७०४० | ६३४३ | १३३८३ | १३३८३ | १४२५५ | ३९४४ | १८१९९ | १३६% |
| ८ | दोस्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना (ए.डी.बी. ) | १८३३६७६ | ८४०७४ | ६०१६५ | १४४२३९ | १०६७४९ | ९०३६३ | १९७११२ | १९०८२३ | १५०५२८ | ३४१३५१ | ३३७९१२ | १२१०५६ | ७२४१२ | १९३४६७ | ५७% |
| ९ | मझौला सहर एकीकृत सहरी वातावरणीय सुधार आयोजना (ए.डि.वी) | १०८२३५४ | २२५०६ | ४३१६९ | ६५६७५ | ५९७५६ | ५३३७८ | ११३१३४ | ८२२६२ | ९६५४७ | १७८८०९ | १७८८०९ | ४२२७५ | ५५९५९ | ९८२३४ | ५५% |
| १० | एकीकृत वातावरणीय सुधार आयोजना (ए.डि.वी) | १०३८९७८ | -४५७२ | ६९८८ | २४१७ | ४९७३३ | ५१३४९ | १०१०८१ | ४५१६१ | ५८३३७ | १०३४९८ | १०३४९८ | ४९००१ | ५२२४७ | १०१२४८ | ९८% |
| ११ | तेस्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना (ए.डी.बी. ) | १५१४१९७ | २१७७ | ६१९६६ | ६४१४२ | १७५०६ | ५०९२९ | ८२११० | १९६८२ | १२६५७० | १४६२५२ | ७८३५० | ११३९६ | १६६४५ | २८०४२ | ३६% |
| १२ | दिगो शहरी | ४४१८९ | १७६४ | ५८४ | २३४८ | ६९७४ | १९६३ | ८९३७ | ८७३८ | २५४७ | ११२८५ | ११२८५ | – | – | – | – |
| १३ | सह लगानी कार्यक्रम | २२८२९४ | -१० | २७६९ | २७५९ | ० | ० | ११४१५ | -१० | १४१८३ | १४१७४ | -१० | १९ | ७२६७ | ७२८५ | |
| १४ | सहरी खानेपानी तथा सरसफाई आयोजना | ३९४३४० | -२ | ८४८६ | ८४८४ | ० | ० | १९७१७ | -२ | २८२०३ | २८२०१ | -२ | – | – | – | – |
| १५ | सहरी पूर्वाधार विकास लगानी आयोजना | ११२६१२ | -८५० | २५ | -८२५ | ६०२३ | ७२८४ | १४९३४ | ५१७३ | ८९३६ | १४१०९ | १२४५७ | ८४३१ | १०४४८ | १८८७९ | १५२% |
| १६ | तेस्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना (ए.डी.बी. स्तरोनती) | | | | | | | | | | | | | १०१ | १०१ | |
| | जम्मा (क) | ८०२३४६७ | २३४६६४ | २७५८१४ | ५१०४७८ | ४११३७५ | ३७१३४६ | ८२९१५६ | ६४६०३८ | ६९३५९५ | १३३९६३४ | १२२४०३९ | ३८४६०४ | ३३५९४८ | ७२०५५२ | |
| ख | नयाँ लगानीवाट ऋण असुल गर्ने लक्ष्य | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| १ | नगर विकास कार्यक्रम - दोस्रो चरण (के.एफ.डब्लु.) | ० | ० | ० | ० | ० | ११३८ | ११३८ | ० | ११३८ | ११३८ | ११३८ | ० | ० | ० | |
| २ | नगर विकास कार्यक्रम - तेस्रो चरण (के.एफ.डब्लु.) | ० | ० | ० | ० | ० | ४८५९ | ४८५९ | ० | ४८५९ | ४८५९ | ४८५९ | ० | ० | ० | |
| ३ | सह लगानी शहरी पूर्वाधार विकास आयोजना (चक्रिय कोष) कार्यक्रम | ० | ० | ० | ० | ० | ४५६० | ४५६० | ० | ४५६० | ४५६० | ४५६० | ० | ० | ० | |
| ४ | दिगो यातायात | ० | ० | ० | ० | ० | ११७ | ११७ | ० | ११७ | ११७ | ११७ | ० | ० | ० | |
| ५ | शहरी यातायात सार्वजनिक नीजि साझेदारी कार्यक्रम | ० | ० | ० | ० | ० | ११६७ | ११६७ | ० | ११६७ | ११६७ | ११६७ | ० | ० | ० | |
| | जम्मा (ख) | ० | ० | ० | ० | ० | ११८४१ | ११८४१ | ० | ११८४१ | ११८४१ | ११८४१ | ० | ० | ० | |
| | जम्मा (क र ख) | ८०२३४६७ | २३४६६४ | २७५८१४ | ५१०४७८ | ४११३७५ | ३८३१८७ | ८४०९९६ | ६४६०३८ | ७०५४३६ | १३५१४७५ | १२३५८८० | ३८४६०४ | ३३५९४८ | ७२०५५२ | ५८.३०% |

## ६.८ नेपाल वित्तीय प्रतिवेदन मान अनुसारको वित्तीय विवरणहरू

**वित्तीय अवस्थाको विवरण**
**२०७८ असार मसान्तको**

*रकम रु.मा*

| विवरणहरु | नोट | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| **सम्पति** | | | |
| नगद तथा नगद समान | ४.१ | १,८९३,६५६,३३५ | ९२२,५१५,७४६ |
| नगरपालिकाहरुलाई ऋण तथा पेश्की | ४.२ | ९,३३१,२२२,४२२ | ८,५३४,१९०,९०० |
| अन्य ऋण तथा पेश्की | ४.३ | २९,०६८,१४९ | १९,२३१,९०४ |
| लगानी | ४.४ | १,०००,०००,००० | १,३५०,०००,००० |
| चालु कर सम्पति | ४.५ | २८,६०४,३६९ | ७,३६८,०८९ |
| सम्पत्ति तथा उपकरण | ४.६ | १४६,५३१,८७१ | १४७,३१६,३४५ |
| अमुर्त सम्पत्ति | ४.७ | २३४,९५६ | ३५२,३८६ |
| स्थगन कर सम्पत्ति | ४.८ | १३,३८२,२३१ | १५,०८५,३८३ |
| आसामी अनुदान बाँकी | ४.९ | ९४,४३०,५८१ | ७४,३३६,२७५ |
| अन्य सम्पत्ति | ४.१ | ७,२९३,४४१ | ४,४०४,६७४ |
| **जम्मा सम्पत्ति** | | **१२,५४४,४२४,३५६** | **११,०७४,८०१,७०२** |
| **दायित्व तथा इक्विटी :** | | | |
| **दायित्व** | | | |
| अवितरित अनुदान | ४.११ | १३४,५१४,४६८ | ११०,५१४,४६८ |
| ऋण दायित्व | ४.१२ | ६,२३२,२४६,१६७ | ५,०९२,३५५,९०७ |
| व्यवस्था | ४.१३ | (१५,१३०,०६६) | (१२,६१०,१३९) |
| स्थगन कर दायित्व | ४.८० | - | - |
| अन्य दायित्व | ४.१४ | २,६१९,४११ | १,९६२,४१३ |
| **जम्मा दायित्व** | | **६,३५४,२४९,९८०** | **५,१९२,२२२,६४९** |
| **इक्विटी** | | | |
| शेयर पूँजी | ४.१५ | २,७६२,९७९,७९४ | २,७६२,९७९,७९४ |
| **पूँजी कोष योगदान :** | | | |
| नियन्त्रित कोष | ४.१६ | १,८०६,६४७,८७५ | १,६९६,२४९,०७३ |
| विशेष कोष | ४.१७ | (१५,५१३,७५५) | (१३,६४५,३११) |
| सञ्चित मुनाफा/(घाटा) | ४.१८ | १,६३६,०६०,४६२ | १,४३६,९९५,४९७ |
| **जम्मा इक्वीटी** | | **६,१९०,१७४,३७६** | **५,८८२,५७९,०५३** |
| **जम्मा दायित्व तथा इक्विटी** | | **१२,५४४,४२४,३५६** | **११,०७४,८०१,७०२** |

# नाफा नोक्सान तथा विस्तृत आयको विवरण

## २०७७ श्रावण १ देखि २०७८ असार ३१ सम्म

*रकम रु.मा*

| विवरणहरु | नोट | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| ब्याज आम्दानी | ४.१९ | ६१४,३४६,१७० | ६३४,२४४,८६६ |
| ब्याज खर्च | ४.२० | ११४,३२६,८९९ | ११४,९५७,३७२ |
| **खुद ब्याज आम्दानी** | | **५००,०१९,२७२** | **५१९,२८७,४९४** |
| शुल्क तथा कमिसन आम्दानी | ४.२१ | ३,८२७,५३३ | ४,३८१,७६० |
| शुल्क तथा कमिसन खर्च | ४.२२ | १२,८७१ | ३,९८० |
| **खुद शुल्क तथा कमिसन आम्दानी/खर्च** | | **३,८१४,६६२** | **४,३७७,७८०** |
| **खुद संञ्चालन आम्दानी** | | **५०३,८३३,९३४** | **५२३,६६५,२७४** |
| अन्य वित्तीय उपकरणवाट फियर भ्यालुको खुद नाफा | | | |
| अनुदान आय | ४.२३ | २९,३५२,८७३ | ११,१९२,९३६ |
| अन्य आय | ४.२४ | २,४०४,९६६ | १,०७८,१९९ |
| **जम्मा आय** | | **५३५,५९१,७७३** | **५३५,९३६,४०९** |
| वित्तीय सम्पत्तिको खराव नोक्सानी | | - | - |
| सम्पत्ति र उपकरणको खराव नोक्सानी | | | |
| कर्मचारी खर्च | ४.२५ | २७,०३६,००१ | ३२,३०९,४९५ |
| संञ्चालन लिज खर्च | ४.२६ | ३,७४८,८०० | ३,४०८,००० |
| ह्रास कट्टी र परिषोधन (Amortisation) | ४.६ | ४,३५१,४९९ | ३,४५३,५०९ |
| अन्य खर्च | ४.२७ | २८,३७४,६७२ | १९,१५६,१०२ |
| अनुदान  खर्च | ४.२८ | २६,०३५,९०१ | ९,०२६,१५५ |
| कर्जा जोखिम व्यवस्था | | ६०,२१८,५६७ | २७,६४४,९०४ |
| कर अघिको मुनाफा | | **३८५,८२६,३३३** | **४४०,९३८,२४४** |
| आयकर खर्च | ४.२९ | ९७,०१३,७६८ | ९६,२०५,७२५ |
| यस अवधिको मुनाफा | | **२८८,८१२,५६४** | **३४४,७३२,५१९** |
| अन्य विस्तृत आय | | | |
| **नाफा नोक्सानमा पुन : वर्गिकरण नगरिने बुँदाहरु** | | | |
| पुन : वर्गिकरण गरिएका दायित्व सम्पत्ति र उपदान | | | |
| माथि वर्गिकरण गरिएका बुँदाको आयकर | | - | - |
| | | - | - |
| **नाफा नोक्सानमा पुन : वर्गिकरण गरिएका वा गर्न सकिने बुँदाहरु** | | | |
| एक्चुएरी नाफा । नोक्सान | | १६५,२९२ | (४,२८४,६७२) |
| सम्पत्ति मूल्याङकनमा भएको नाफा नोक्सान | | (४१,३२३) | १,०७१,१६८ |
| माथि वर्गिकरण गरिएका बुँदाको आयकर | | - | - |
| फियर भ्यालु रिजर्भ | | | |
| फियर भ्यालुमा भएको खुद फरक | | - | - |
| पुनः वर्गिकरणले नाफा नोक्सानमा खुद फरक | | - | - |
| माथि वर्गिकरण  गरिएका बुँदाको आयकर | | - | - |
| **जम्मा विस्तृत आम्दानी** | | **२८८,६८८,५९५** | **३४७,९४६,०२३** |

# नगद प्रवाह विवरण

## २०७७ श्रावण १ देखि २०७८ असार ३१ सम्म

*रकम रु.मा*

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| **कारोवार संचालनवाट नगद प्रवाह** | | |
| ब्याज र कमिशन | ४२९,७१७,८९४ | ४०८,४३१,२६१ |
| ब्याज खर्च | (५६,४१२,२५४) | (५२,४९३,८०४) |
| कर्मचारी तथा आपूर्तिकर्तालाई नगद भुक्तानी | (६३,३३०,६८०) | (६३,४०३,९६७) |
| **संचालन सम्पत्ति र दायित्व परिवर्तन अघिको संचालन नगद प्रवाह** | **३०९,९७४,९६०** | **२९२,५३३,४८९** |
| **संचालन सम्पतीको घट/बढ** | | |
| मौज्दात | (२८,११४) | (१२१,११५) |
| अन्य पेश्की | (१०३,४८८) | (२८६,०१०) |
| **ऋणमा परिवर्तन :** | | |
| आयोजनामा ऋण लगानी त्मएरँ | (१०१,९३०,३१२) | (१३९,००४,५०२) |
| आयोजनामा ऋण लगानी ब्म्द्य | (६३८,०३३,१९१) | (५७६,१६८,३४७) |
| आयोजनामा ऋण लगानी गक्मए न्यल | (२९३,६०४,०७७) | (१०६,७२१,५७३) |
| इक्विीटीवाट ऋण लगाानी | (११०,७४२,५९०) | (७०,४८३,०२२) |
| नगरपालिकावाट ऋण असुली | ३८३,८०७,२१५ | ३८५,५११,१२१ |
| ऋण फिर्ताबाट बृद्धि | (८८,२४४,५१७) | (७८,३२२,९८१) |
| **कारोवार संचालनवाट नगद प्रवाह** | **(५३८,९०४,११४)** | **(२९३,०६२,९४०)** |
| आयकर भुक्तानी | (११४,३७५,४३५) | (११६,६३६,८६३) |
| **कारोवार संचालनवाट मौजुदा खुद नगद प्रवाह** | **(६५३,२७९,५४९)** | **(४०९,६९९,८०२)** |
| **लगानी कारोवारमा नगद प्रवाह** | | |
| बैंकको मुद्धती खातामा लगानी | ३५०,०००,००० | (१५०,०००,०००) |
| कर्मचारीलाई ऋण लगाानी | (११,३०७,७४४) | - |
| कर्मचारीवाट ऋण असुली | ३,४७७,००७ | ३,१६९,०१९ |
| सम्पत्ति र उपकरणको खरिद | (३,४६३,५३१) | (१२,६८८,६५४) |
| अमुर्त सम्पत्तिवाट भएको आर्जन | | |
| **लगानी कारोवारमा मौजुदा खुद नगद प्रवाह** | **३३८,७०५,७३२** | **(१५९,५१९,६३५)** |
| **वित्तीय कारोवारवाट नगद प्रवाह** | | |
| पूँजिगत लगानी कोषमा बृद्धि (जिटिजेड र केएफडब्लु) | | |
| केएफडब्लु स्रोत तर्फको कार्यक्रमका लागि प्राप्त रकम | १३९,९१९,२४० | २१६,७७४,५४० |
| ब्याज आम्दानी र विदेशी मुद्रा सटही नाफा /घाटा | - | - |
| नेपाल सरकारवाट प्राप्त ऋण रकम (एडिबी स्रोत तर्फको आयोजना) | १,२९५,५००,००० | ४६०,०९५,००० |
| नेपाल सरकारवाट प्राप्त समपुरक कोष | २४,०००,००० | (१६,३३८,४८७) |
| अनुदान लगानी (न.पा तथा अन्य) | (९३,९५४,५९३) | (८१,५७६,७५६) |
| कार्यक्रमको खर्च हुन नसकेको रकम फिर्ता (नेपाल सरकार) | (७०,०००,०००) | (४५५,७८०,५२४) |
| सेवा शुल्क ( केएफडब्लु) | (३,८२७,५३३) | (४,३८१,७६०) |
| अनुदान प्राप्त (एडिबी) | १४,३१६,१४६ | १२,८७२,२२३ |
| चक्रिय कोषमा वृद्धि : | - | १,०५१,३४६ |
| टिडिपी वाट ऋण असुली | ८८,२४४,५१७ | ७८,३२२,९८१ |
| टिडिपीको ब्याज तर्फवाट | २८,१७३,६१९ | २६,१०३,९५५ |
| टिडिपी विशेष वचत तर्फवाट | १७,८१८,४५० | १५,५३६,३३० |
| नेपाल सरकारलाई ऋण भुक्तानी | (१५४,४७५,४४१) | (१२५,२८८,५७७) |
| **वित्तीय कारोवारवाट मौजुदा नगद प्रवाह** | **१,२८५,७१४,४०७** | **१२७,३९०,२७२** |
| नगद तथा नगद समानमा भएको खुद बढ/घट | ९७१,१४०,५८९ | (४४१,८२९,१६६) |
| नगद तथा नगद समानको शुरुवाती मौज्दात | ९२२,५१५,७४६ | १,३६४,३४४,९१२ |
| नगद तथा नगद समानमा विदेशी विनिमयदरवाट परेको प्रभाव | - | - |
| **नगद तथा नगद समानको अन्तिम मौज्दात** | **१,८९३,६५६,३३५** | **९२२,५१५,७४६** |

# ७. कोषको भावी योजना

वर्तमान सन्दर्भमा विकासका पूर्वाधारहरू जिवन्त र प्रकृतिमय हुनु पर्ने आजको आवश्यकता बन्दै गएकोछ । यसका वहुआयामिक पक्षहरूलाई समेटी शहरी पूर्वाधार सेवा र सुविधाहरूको माग र पूर्तिको खाडललाई कम गर्न कोषको कार्यक्षेत्रको विस्तार सहित पूँजी संरचना बृद्धि गरी आ.व. २०७६/७७ को बजेट तथा कार्यक्रममा नगर विकास कोषलाई "शहरी पूर्वाधार विकास निगम" बनाउने योजना अनुसार ऐनको मस्यौदा तयार भई अगाडी बढेकोछ । यसरी कोषलाई मुलुकको वित्तिय बजार एवं नीजि क्षेत्रको पूँजीलाई समेत शहरी पूर्वाधार विकासमा परिचालन गराउन सक्ने एक वित्तीय मध्यस्थकर्ता एवं दीगो संस्थाका रूपमा विकास गराउने भावी योजना रहेको छ ।

१. शहरी पूर्वाधार विकास निगमका रूपमा परिणत हुँदा हुने पूँजीबृद्धि र त्यसको परिचानका लागि सम्पूर्ण नगरपालिकाका माग र रणनैतिकरूपमा महत्वपूर्ण तथा स्थानीय आर्थिक विकासलाई योगदान पुऱ्याउने आयोजनाहरूमा लगानी गर्न बहुवर्षिय आयोजना बैङ्क तयार गर्ने ।

२. शहरी पूर्वाधार निर्माणका लागि आवश्यक पूँजी परिचालनका लागि नियमित दातृ निकाय तथा नेपाल सरकारको अतिरिक्त सार्वजानिक नीजि साझेदारी र वोण्ड जस्ता स्रोत परिचालन गरी वित्तीय स्रोत परिचालन गर्ने ।

३. हरित जलावायु कोष (Green Climate Fund) बाट ऋण तथा अनुदान परिचालन गरी वातावरणिय अनुकुलन आयोजनाहरूमा लगानी गर्ने ब्यवस्था मिलाईने ।

४. प्रभावकारी आयोजना कार्यान्वयन तथा लक्षित उद्देश्य प्राप्तिका लागि आवश्यक लगानीमा देखिएको खाडललाई परिपूर्ति गर्न विद्यमान क्षमता विकासका कार्यक्रमहरूलाई अझ प्रभावकारीरूपमा संचालनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था संगको सहकार्य अझ बृद्धि गरिनेछ ।

५. कोष तथा नगरपालिकाहरूको Credit Rating गराई आवश्यक नीतिगत एवं कानुनी व्यवस्था गरिनेछ ।

६. दिगो सार्वजानिक यातायात ब्यवस्थापनका लागि विधुतिय तथा न्यून प्रदुषणयुक्त यातायात व्यवस्थापनमा लगानी गर्ने ।

## ६.१ कोषको ब्यवसायिक योजना :

शहरी पुर्वाधार विकासका लागि विविध किसिमका वैकल्पित वित्तीय स्रोत परिचालन गरी नवप्रवर्धन विधिहरू सहित प्रभावकारी तथा दिगो पूर्वाधार विकास गरी मुलुकको समग्र विकासमा योगदान पुऱ्याउने उद्देश्य सहित नगर विकास कोषले आ.व. २०७७/७८ देखि २०८०/८१ को चार वर्षे योजना स्वीकृत गरी कार्यान्वयन गरि रहेकोछ । यस चार वर्षे ब्यवसायिक योजनामा निम्न लक्ष्य लिई दोश्रो वर्षमा कार्यान्वयन भई रहेको छ :

क) कोषले चार वर्षको अवधिमा रू. २० अर्व लगानी गर्ने ।

ख) कोषको विद्यमान ईक्वीटी रू. २० अर्व पुऱ्याउने ।

ग) विद्यमान स्वपूँजी तथा नेपाल सरकार र दातृ निकायहरूको प्रतिबद्धताका अलावा थप रू. १२ अर्व ९७ करोड वित्तीय स्रोत परिचालन गर्ने ।

घ) लगानी असुली ६२.२५ प्रतिशतवाट ९५ प्रतिशतमा पुऱ्याउने ।

ङ) ७ वटा प्रदेशमा शाखा विस्तार गर्ने ।

# ८. कोषबाट सम्पन्न भएका विभिन्न क्रियाकलापहरू

## प्रादेशिक गोष्ठी











*(प्रदेश नं. १ का ४९ नगरपालिकाहरूको सहभागितामा प्रादेशिक कार्यशाला गोष्ठी)*











(गण्डकी प्रदेशका २६ नगरपालिकाहरूको सहभागितामा प्रादेशिक कार्यशाला गोष्ठी)








(लुम्बिनी प्रदेशका ३६ नगरपालिकाहरूको सहभागितामा प्रादेशिक कार्यशाला गोष्ठी)











(कर्णाली प्रदेशका २५ नगरपालिकाहरूको सहभागितामा प्रादेशिक कार्यशाला गोष्ठी)












(सुदूर पश्चिम प्रदेशका ३४ नगरपालिकाहरूको सहभागितामा प्रादेशिक कार्यशाला गोष्ठी)



कोहलपुर क्षेत्रीय वसपार्क आयोजनाका लागि २०७७/६/२३ मा सम्पन्न ऋण सम्झौता कार्यक्रम




तुलसीपुर व्यावसायिक भवन निर्माणका लागि २०७७/१०/१४ मा सम्पन्न ऋण सम्झौता




हेटौडा वस टर्मिनल भवन निर्माणका लागि २०७७/१०/२१ मा सम्पन्न ऋण सम्झौता




भक्तपुरमा देको मिवा ईतापाके एकीकृत जग्गा विकास आयोजनाका लागि २०७७/१२/२ मा सम्पन्न ऋण सम्झौता



जलेश्वर स्मार्ट वसपार्क  निर्माणका लागि २०७८/०३/१४ मा सम्पन्न ऋण सम्झौता



व्यास बुहउद्देशीय व्यापारिक भवन निर्माणका लागि २०७८/०३/१४ मा सम्पन्न ऋण सम्झौता



भिमेश्वर सातदोबाटो सपिङ्ग कम्प्लेक्स निर्माणका लागि २०७८/०३/१४ मा सम्पन्न ऋण सम्झौता

# खानेपानी तथा सरसफाई आयोजनातर्फ ऋण सम्झौता कार्यक्रम



खलंगा, दार्चुला खानेपानी उपभोक्ता संस्था बीच मिति २०७७/६/२२ मा सम्पन्न ऋण सम्झौता



दधिकोट, भक्तपुर खानेपानी उपभोक्ता संस्था बीच मिति २०७८/३/१४ मा सम्पन्न ऋण सम्झौता




कञ्चनरुप, सप्तरी खानेपानी तथा सरसफाई आयोजनाका लागि २०७८/३/२९ मा सम्पन्न ऋण सम्झौता




सारदानगर, चितवन खानेपानी उपभोक्ता संस्था बीच मिति २०७८/१/३१ मा सम्पन्न ऋण सम्झौता



प्रभास खानेपानी तथा सरसफाई आयोजनाका लागि २०७८/३/१४ मा सम्पन्न ऋण सम्झौता



टंकी सिनवारी खानेपानी तथा सरसफाई आयोजनाका लागि २२०७८/३/१४ मा सम्पन्न ऋण सम्झौता



अत्तरीया खानेपानी तथा सरसफाई आयोजनाका लागि २०७८/३/१८ मा सम्पन्न ऋण सम्झौता



उर्लावारी खानेपानी तथा सरसफाई आयोजनाका लागि २०७७/८/११ मा सम्पन्न ऋण सम्झौता



जुटपानी खानेपानी तथा सरसफाई आयोजनाका लागि २२०७८/३/२२ मा सम्पन्न ऋण सम्झौता




*नगर विकास कोष र Global Green Growth Institute (GGGI) बीच २०७७।१२।६ Green Urban Development and Investment मा प्राविधिक सहयोग आदान प्रदान गर्ने सम्बन्धमा समझदारी पत्रमा हस्ताक्षर कार्यक्रम*



*नगर विकास कोष र National Society for Earthquake Technology-Nepal (NSET) बीच मार्च २२, २०२१ मा प्राविधिक सहयोग आदान प्रदान गर्ने सम्बन्धमा समझदारी पत्रमा हस्ताक्षर कार्यक्रम*

# ३३ औं वार्षिकोत्सव कार्यक्रम



















# शहरी विकास मन्त्रीज्यू तथा कोषका अध्यक्षज्यूको स्वागत तथा विदाई कार्यक्रम
















# शहरी पूर्वाधार तथा खानेपानी आयोजनाहरूको अनुगमन भ्रमण कार्यक्रम

















# नगर विकास कोष

## TOWN DEVELOPMENT FUND

मध्य वानेश्वर, काठमाडौं, नेपाल
फोन नं.: ०१ ४४९३८६६, ४४६५६५१, ४४६४८७४
ईमेल: tdf@tdf.org.np
वेभसाईट: www.tdf.org.np